लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको प्रकाशन

वर्ष ४, अंक १८, २०७८ मंसिर (Year 4, Issue 18, Nov/Dec, 2021)

महालेखापरीक्षकको कार्यालय भवन



यस भित्र.....

क्र.सं.	शीर्षक	पृष्ठ संख्या
१	सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट महालेखापरीक्षकको कार्यालयको नवनिर्मित भवन समुद्घाटन	२
२	महालेखानियन्त्रक कार्यालय अर्न्तगतका कार्यालयलाई NAMS सम्बन्धी अभिमुखिकरण कार्यक्रम	२३
३	महालेखा नियन्त्रकबाट एकीकृत वित्तीय विवरण पेश	२५
४	सार्वजनिक वित्त व्यवस्थापनसम्बन्धी राष्ट्रिय रणनीति मस्यौदा उपर छलफल	३०
५	महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७८ स्वीकृत	३१
६	एसोसाईको १५ औं महासभा तथा ५६ औं गभर्निङ्ग बोर्ड बैठकमा सहभागिता	३५

वर्ष ४, अंक १८, २०७८ मंसिर (Year 4, Issue 18, Nov/Dec, 2021

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट अडिट भवन समुद्घाटन



सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट अडिट भवन समुद्घाटन गर्नुहुँदै

९ मंसीर, २०७८

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले अनामनगरस्थित महालेखापरीक्षकको कार्यालयको नवनिर्मित "अडिट भवन"को २०७८ मंसिर ९ गते समुद्घाटन गर्नुभएको छ । भवन समुद्घाटन पश्चात् सम्माननीय राष्ट्रपतिज्यूबाट मार्गदर्शन सम्बोधन गर्नुहुँदै कार्यालयले नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत विचार गरी सरकारी निकायको कारोबार मूल्याङ्कन मार्फत सार्वजनिक वित्तीय क्षेत्रमा पारदर्शिता, जवाफदेहिता र स्वच्छता प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गर्नुभयो । सम्माननीय राष्ट्रपतिज्यूले संघीयता पश्चात संघ प्रदेश र स्थानीय तहसम्म कार्यालयको क्षेत्राधिकार विस्तार भएको सन्दर्भमा महालेखापरीक्षकलाई संविधानले सुम्पेको दायित्व दक्षतापूर्वक निर्वाह गर्न र सम्पादन गरेको कामको विश्वसनीयता अभिवृद्धि गर्न निरन्तर क्रियाशील रहनुपर्ने उल्लेख गर्नुभयो ।

आर्थिक अनुशासन परिपालना गरी देशको सम्वृद्धिको लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीयतहको काम कारवाही सम्बन्धमा सुधार योजना बनाई लागू गर्नुपर्ने उल्लेख गर्नुभयो । बर्षेनी बेरुजू रकम बढने तर फर्छ्यौट नहुने अवस्थाको कारण सम्बन्धमा गहन अध्ययन विश्लेषण गरी सुधार गर्नु जरुरी रहेको बताउनुभयो । कार्यालयले प्राचिन विद्वान कौटिल्यद्वारा रचना गरिएको "अर्थशास्त्र" कृतिमा उल्लेख भएको "अथ अर्थानुशासनम" भन्ने पदावलीलाई मूल आदर्श मानेकोमा एवं परम्परागत पद्धतिको सट्टा सूचना प्रविधिमा आधारित भई लेखापरीक्षण कार्य गर्न लागेकोमा खुशी व्यक्त गर्नुभयो । साथै लेखापरीक्षणको गुणस्तरीयता र विश्वसनीयता कायम गर्दै सुशासनको प्रत्याभूति गर्न प्राथमिकताका साथ कार्य गर्ने प्रेरणा मिलोस् भनी शुभकामना व्यक्त गर्नुभयो । निर्यातभन्दा आयात बढि भएको, कृषिप्रधान मुलुक कृषि उपजमै परनिर्भर रहेकोले आत्मनिर्भर अर्थतन्त्र निर्माणमा राज्यका सम्बद्ध निकायलाई घच्घच्याउने जस्ता नीतिगत विषयहरुमा महालेखापरीक्षकबाट प्रभावकारी भूमिका निर्वाह गर्न समेत ध्यानाकर्षण गराउनुभएको थियो । सम्माननीयज्यूले नयाँ भवनमा प्रवेशसँगै महालेखापरीक्षकको कार्यालयका कर्मचारीले नयाँ उत्साहका साथ काम गर्ने अपेक्षा रहेको बताउनुभयो । सम्माननीय राष्ट्रपतिज्यूले, भवन निर्माणको क्रममा अहोरात्र खटिनुहुने निर्माण व्यवसायी, प्राविधिक तथा महालेखापरीक्षकको कार्यालयका कर्मचारी सबैलाई धन्यवाद व्यक्त गर्नुभएको थियो ।

कार्यालय भवन उद्घाटन समारोहमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले नेपालको सर्वोच्च लेखापरीक्षण संस्था महालेखापरीक्षकको कार्यालयको भवन बाँकी पृष्ठ ५ मा

वर्ष ४, अंक १८, २०७८ मंसिर (Year 4, Issue 18, Nov/Dec, 2021

संरक्षक

माननीय महालेखापरीक्षक
श्री टंकमणि शर्मा, दंगाल

सल्लाहकार

उप-महालेखापरीक्षक
श्री रामु प्रसाद डोटेल

सम्पादक मण्डल

संयोजक
श्री विन्दु विष्ट

सदस्य

श्री नेत्र प्रसाद पौडेल
श्री पदम बहादुर बस्नेत
श्री सन्तोष सापकोटा
श्री विधान अर्याल
श्री मुकुन्द घिमिरे

लेआउट/डिजाईन

श्री अनिल कुमार दहित
श्री माधव अधिकारी

प्रकाशक

महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं ।
फोन नं. ०१-४२६२९५८
फ्याक्स नं. ०१-४२६८३०९
e-mail: oagnep@ntc.net.np

website: oag.gov.np

नोटिस बोर्ड नं.

१६१८०१४२५३२७०

माननीय महालेखापरीक्षकज्यूको सन्देश



नेपालको सर्वोच्च लेखापरीक्षण संस्था महालेखापरीक्षकको कार्यालयको भवन सम्माननीय राष्ट्रपति ज्यूबाट समुद्घाटन भएकोमा हार्दिक आभार व्यक्त गर्दछु । कार्यालय भवन निर्माणको लागि २०७४ मंसिर १८ मा सम्माननीय राष्ट्रपतिज्यूबाट शिलान्यास भएको थियो । यो भवन सम्माननीय राष्ट्रपतिज्यूबाटै उद्घाटन गराउने प्रतिबद्धता समेत व्यक्त गरेको थिए । केही ढीलो भएपनि त्यो प्रतिबद्धता पूरा गर्न सकेकोमा मैले अत्यन्त गौरव महसुस गरेको छु । सम्माननीय राष्ट्रतिज्यूबाट समय समयमा प्राप्त भएको प्रेरणात्मक निर्देशनको लागि हार्दिक आभार व्यक्त गर्दछु ।

वि.सं. २०१६ सालमा स्थापना भएको महालेखापरीक्षकको कार्यालय स्थापना कालदेखि बबरमहलस्थित भवनमा संचालन हुँदै आएकोमा २०७२ सालको भूकम्पबाट क्षति भई सो भवनमा कार्यालय संचालन हुन नसक्ने भएकोले बबरमहल, (स्थित भवन) पुल्चोक, ताहाचल, अनामनगर, डिल्लीबजारमा भवन भाडामा लिई कार्यालय सञ्चालन हुँदै आएको थियो । अनामनगरमा कार्यालयको आफ्नै जग्गा भएपनि निर्माण कार्यको थालनी भएको थिएन । म महालेखापरीक्षक नियुक्ति हुँदा कार्यालयको आफ्नै भवन नभएको र विभिन्न स्थानमा भवन भाडामा लिई कार्यालय संचालन गनुपर्ने अवस्थालाई नै केन्द्रबिन्दुमा राखी कार्यालय भवन निर्माण कार्यलाई प्राथमिकतामा राखी भवन निर्माण कार्य शुरु गरेको थिएँ । शहरी विकास विभागबाट भवनको डिजाईन तथा निर्माण कार्य भएको यस भवनको कुल लागत ८३ करोड १८ लाख रहेकोमा २०७८ कार्तिक मसान्तमा भवन सम्पन्न हुँदा रु. ७३ करोड रु. ९ लाख खर्च भएको छ । कोभिड १९ को प्रभावबाट निर्माण सम्पन्न हुन केही समय ढिलाई भए पनि म्याद थप भएको समयभित्र निर्माण कार्य सम्पन्न भएको छ ।

भवन निर्माणको सिलसिलामा सम्माननीय राष्ट्रपतिज्यूबाट हाम्रो परम्परागत संस्कृति झल्कने शैली र वातावरण मैत्री बनाउन निर्देशन भएको थियो । सोही अनुसार आधुनिकताबीच पौराणिकता समेत मिश्रित गरी डिजाइन गरिएको यो भवन परम्परागत र आधुनिक संयुक्त स्वरुपमा निर्माण भएको छ । परम्परागतमा शैलीमा दाची आपा इटाको बाहिरी पर्खाल, आँखी झ्याल, कुँदेको मूलढोका र झ्यालहरु, टायलको छाना रहेका छन भने आधुनिक तर्फ Glazed curtain walls, Structural glazing, Terracotta cladding, Open office layout, Half partition layout, Air conditioning, Smoke detector in all office and Meeting spaces तथा भवनको वरीपरी हरियाली हुनेगरी बगैंचा बनाइएको छ । भवनको सुन्दरता बाहिरबाटै सबैले देख्न सक्ने गरी फलामको पारदर्शी ग्रीलले कम्पाउण्ड घेरिएको छ । ईटाको अग्लो कम्पाउण्ड पर्खाल लगाइएको छैन । महालेखापरीक्षकको कार्यालय जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्ने निकाय भएकोले यो भवनको बाहिरी आवरण देखि नै पारदर्शिता झल्काउन खोजिएको छ । भवनको कुल ९ तलामध्ये २ तला अण्डरग्राउण्ड पार्किङ्ग रहेको छ ।

ग्राउण्ड फ्लोरमा रिसेप्सन, भण्डार कक्ष, पुस्तकालय, चमेना गृह तथा अभिलेख व्यवस्थापन कक्ष रहेको छ भने पहिलो तला देखि छैटौं तलासम्म करिव ५ सय कर्मचारीहरुका लागि कार्यालय भवन प्रयोग हुने छ । सातौ तलामा २ सय जना क्षमताको तालीम कक्ष रहेको छ । नवनिर्मीत भवनमा सूचना प्रविधि कन्ट्रोल रुम सहित बेग्लै सूचना प्रबिधि कक्ष राखिएको छ । मूलद्वारबाट भवनको परिसर प्रवेश गर्नासाथ बगैचा रहेको भित्तामा प्रसिद्ध नीतिशास्त्री तथा अर्थशास्त्री चाणक्यको भनाई "अथ अर्थानुशासनम्" भन्ने वाक्य उल्लेख गरिएको छ । यस्को अर्थ अब हामी अर्थको अनुशासनको कुरा गर्न थाल्छौ भन्ने रहन्छ । अर्थात, अब अर्थको अनुशासनको कुरा हुन्छ भन्ने रहन्छ । चाणक्यले अर्थको अनुशासन पालनाका लागि राज्यका विभिन्न निकाय तथा अधिकारीहरुले निर्वाह गर्नु पर्ने जिम्मेवारी र कर्तव्यको बारेमा सविस्तार व्याख्या गर्नुभएको छ ।

नेपाल सरकार (मन्त्रीपरिषद्) बाट मिति २०७८।५।३ गते स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार कार्यालयको कुल दरबन्दी ६ सय ४३ रहेको छ। स्वीकृत व्यवस्थापन तथा सर्भेक्षण बाँकी पृष्ठ ४ मा

सम्पादकीय.....

वि.सं २०१६ सालमा स्थापना भएको महालेखापरीक्षकको कार्यालय स्थापनाकालदेखि बबरमहलस्थित भवनमा संचालन हुँदै आएकोमा २०७२ सालको भूकम्पबाट क्षति भएपछि विभिन्न स्थानमा भवन भाडामा लिई कार्यालय संचालन गरिएको थियो । सम्माननीय राष्ट्रपतिज्यूबाट २०७४ मंसीर १८ मा शिलान्यास भई र २०७८ मंसीर ९ गते उद्घाटन भएपश्चात कार्यालय नियमित प्रयोगमा आएको छ। मुलुकको आर्थिक अवस्थाको मूल्यांकन, चेकजाँच र सुझाव उपलब्ध गराउने संवैधानिक दायित्व बोकेको महालेखापरीक्षक र सर्वोच्च लेखापरीक्षण संस्थाको रुपमा रहेको महालेखापरीक्षकको कार्यालयको अनामनगर, काठमाडौँमा अवस्थित नवनिर्मीत ९ तले भवनलाई "अडिट भवन" नामाकरण गरिएको छ । आधुनिक प्रविधि र खुला स्थानबाट कार्य संचालन हुँदा महालेखापरीक्षकको कार्यालयबाट प्रदान गरिने सेवा सहज र प्रभावकारी हुनुका साथै कार्यालयका विविध क्रियाकलाप सञ्चालनमा सहजता हुन गई यसको कार्य वातावरणमा सुधार आउने विश्वास लिईएको छ । परम्परागत र आधुनिक शैली मिश्रित नवनिर्मित भवनको कुल अनुमानित लागत रु. ८३ करोड १८ लाख रहेकोमा २०७८ कार्तिक मसान्तमा निर्माण सम्पन्न हुँदासम्म रु. ७३ करोड ९ लाख अन्तिम लागत कायम भएको छ । सवारी साधन पार्किङ्ग स्थल, सभा कक्ष, अभिलेख र भण्डार कक्ष लगायत कर्मचारीको कार्यस्थलका रुपमा भवनलाई उपयोग गर्दा यसको उचित मर्मत सम्भार र सञ्चालन व्यवस्थित तवरले गर्नुपर्ने देखिएको छ ।

भवन समुद्घाटनको क्रममा सम्माननीय राष्ट्रपतिज्यूले संघीयता पश्चात संघ प्रदेश र स्थानिय तहसम्म कार्यालयको क्षेत्राधिकार विस्तार भएको सन्दर्भमा महालेखापरीक्षकलाई संविधानले सुम्पेको दायित्व दक्षतापूर्वक निर्वाह गर्न र सम्पादन गरेको कामको विश्वसनियता अभिवृद्धि गर्न निरन्तर क्रियाशील रहन आग्रह गर्नुभएको सन्दर्भमा कार्यालयको संगठन संरचना, कार्यरत जनशक्ति र सेवाग्राही चाप लगायतका विषयलाई ध्यान दिई भौतिक पूर्वाधार निर्माण गर्नुपर्दछ। पूर्वाधार तयार गर्दा अद्यावधिक सूचना प्रविधिका सेवा, कार्य वातावरणलाई सघाउ पुऱ्याउने गरी मौद्रिक उत्प्रेरणाका औजार तथा आधारभूत कार्यकक्षको व्यवस्था हुँदा कर्मचारीले आफ्नो क्षमतालाई पूर्णरुपमा संगठनको हितमा लगाउन सक्दछ । उपयुक्त, स्वस्थ तथा सम्मानजनक कार्यवातावरणले कर्मचारीमा उपयोग नभै खेर गएको उर्जा, सक्षमता, सीप, कौशल, जाँगर, साँच र नयाँ शैलीलाई संस्थागत हितमा प्रयोग गर्न सहज तुल्याउँदछ ।

नेपाल सरकारबाट परिमार्जित संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएको अवस्थामा नवनिर्मित भवन समेत कार्यालयको लागि अपर्याप्त हुने देखिएको छ । निकट भविष्यमा प्रदेश कार्यालय स्थापना हुँदा प्रदेश कार्यालयमा कर्मचारी स्थानान्तरण भई स्थान अभावको समस्या न्यून हुने देखिएतापनि प्रदेश कार्यालयको लागि आवश्यक भौतिक पूर्वाधार प्राप्तिमा कार्यालयले क्रियाशीलता देखाउनु जरुरी छ । कार्यालयको पूर्वाधार अवस्थामा सुधार, सूचना प्रविधिको उपयोगमा जोड तथा प्रदेशस्तरमा कार्यालय स्थापनामा माननीय महालेखापरीक्षकज्यूको विशेष चासो र सक्रियता देखिएबाट महालेखापरीक्षकको कार्यालयले उल्लेखनीय उपलब्धि हासिल गर्ने विश्वास गरिएको छ ।

सन्देश.....

अनुसार यो बर्षदेखि प्रदेश तहसम्म कार्यालय खोल्ने योजना अनुसार कार्य अघि बढाइएको छ । प्रदेश तहमा कार्यालय खोली लेखापरीक्षणको काम शुरुवात भएमा संघीय मन्त्रालयका जिल्लास्थित कार्यालय, प्रदेश कार्यालय र स्थानीय तहको लेखापरीक्षण, सम्परीक्षण लगायतका कार्य प्रदेश कार्यालयबाटै संचालन भई संघीय, प्रदेश र स्थानीय तहको लेखापरीक्षण कार्यमा प्रभावकारिता आउने छ भन्ने विश्वास लिइएको छ । त्यस्तै नेपाल लेखापरीक्षण सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०७७ स्वीकृत भई कार्यान्वयनमा आएको छ । नियमावलीले सेवामा रहने पद तथा सो पदका लागि आवश्यक न्यूनतम योग्यताका बारेमा स्पष्ट गरेको छ। यसबाट कर्मचारीको मनोबल तथा उत्प्रेरणामा अभिबृद्धि भई गुणस्तरीय लेखापरीक्षण गर्न थप मद्दत पुग्नेछ । कार्यालयले यस बर्षदेखी Nepal Audit Management System (NAMS) प्रयोग गरी लेखापरीक्षण गर्ने कार्यको थालनी गरेकोले सफ्टवेयर संचालनका लागि आवश्यक प्रविधि जडान गरिएको छ । यसबाट लेखापरीक्षणकार्यको व्यवस्थापन र अभिलेख पद्दतिमा सुधार हुने विश्वास गरेको छु ।

वित्तीय सुशासनको मापन गर्ने मुख्य औजार लेखापरीक्षण हो । नेपालको संविधानले सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था गरेको छ। लेखापरीक्षण ऐन, २०७५ मा लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि, लेखापरीक्षणमा हेर्नुपर्ने विषय, लेखापरीक्षण व्यवस्थापन, लेखापरीक्षण पुनरावलोकन लगायतको बिषयमा व्यवस्था छ । त्यस्तै, महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण व्यवस्थापन गर्न नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ लगायत क्षेत्रगत लेखापरीक्षण निर्देशिका जारी गरेको छ ।

नेपालको संविधानअनुसार आफ्नो कार्य प्रभावकारी रुपमा सम्पादन गर्न ६ वर्षे कार्ययोजना अनुसार संगठनात्मक व्यवस्था एवं कार्यप्रणाली, नीतिगत तथा कानूनी व्यवस्था, लेखापरीक्षण विधि र प्रक्रिया, लेखापरीक्षणको प्रभावकारिता र गुणस्तर, वित्तिय अनुशासन र जवाफदेहिता, संस्थागत सम्बन्ध र संचार आदिमा केन्द्रित रही दैनिक प्रशासनिक तथा लेखापरीक्षण व्यवस्थापन सम्बन्धी कार्यसम्पादन हुदै आएको छ। बिगत ४ बर्षमा गरिएको संस्थागत, नीतिगत, प्रक्रियागत एवं संरचनागत सुधारका बिषयहरुलाई निरन्तरता दिदै आगामी दिनमा थप सुधार गर्दै जानुपर्ने देखिएको छ । नवनिर्मित भवनबाट कार्य संचालन हुँदा कार्यवातावरणमा सुधार भई लेखापरीक्षणमा प्रभावकारीता आउने विश्वास लिएको छु । सुधारको बिषय निरन्तर जारी रहने भएकोले सबै सरोकार वालाको सहयोगका साथ संस्थाको गन्तव्य, लक्ष्य तथा उद्देश्य प्राप्तिमा क्रियाशील रहनुपर्ने आवश्यकता देखिएको छ ।

भवन समुद्घाटन.....

सम्माननीय राष्ट्रपतिज्यूबाट समुद्घाटन भएकोमा हार्दिक आभार व्यक्त गर्नुभयो । उहाँले वि.सं. २०१६ सालमा स्थापना भएको महालेखापरीक्षकको कार्यालय स्थापनाकालदेखि बबरमहल स्थित भवनमा संचालन हुँदै आएकोमा २०७२ सालको भूकम्पले क्षति भई उक्त भवनमा कार्यालय सञ्चालन हुन नसक्ने भएकोले विभिन्न स्थानमा भवन भाडामा लिई कार्यालय संचालन गरिएको व्यहोरा जानकारी गराउनुभएको थियो ।

सम्बोधनका क्रममा माननीय महालेखापरीक्षकज्यूले सम्माननीय राष्ट्रपतिज्यूबाट २०७४ मंसीर १८ मा शिलान्यास भई निर्माण कार्य सम्पन्न भएको नवनिर्मित भवनबाट कार्य संचालन हुँदा दैनिक कार्य सञ्चलनमा सहजता हुने एवं कार्य वातावरणमा सुधार आउने विश्वास व्यक्त गर्नुभएको थियो । उक्त अवसरमा उहाँले कार्यालयबाट यस बर्षदेखि विद्युतिय माध्यमबाट लेखापरीक्षण कार्य गर्न प्रयोगमा ल्याइएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (Nepal Audit Management System-NAMS) को शुभारम्भ भएको जानकारी गराउनुभएको थियो । परम्परागत र आधुनिक शैली मिश्रित नवनिर्मित "अडिट भवन" को कुल अनुमानित लागत रु. ८३ करोड १८ लाख रहेकोमा २०७८ कार्तिक मसान्तमा सम्पन्न हुँदा रु. ७३ करोड ९ लाख अन्तिम लागत कायम भएको छ । निर्माण व्यावसायी लुम्बिनी/गौरी पार्वती/शान्ति जे.भी.ले भवन निर्माण गरेको यस भवनको कुल ९ तलामध्ये २ तलामा अण्डरग्राउण्ड पार्किङ्ग रहेको छ । भूँइ तलामा रिसेप्सन, भण्डार कक्ष, पुस्तकालय, चमेना गृह तथा अभिलेख व्यवस्थापन कक्ष रहेको छ भने भवनको पहिलो तलादेखि छैठौँ तलासम्म करिब ५ सय कर्मचारीका लागि कार्यालय भवन प्रयोग हुने र सातौँ तलामा २ सय जना क्षमताको सभाकक्ष रहेको छ । उक्त समारोहमा स्वागत मन्तव्य व्यक्त गर्दै उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले लेखापरीक्षणको गुणस्तर सुधार एवं सूचना प्रविधिको प्रयोग गरी अन्तराष्ट्रियस्तरको बनाउने प्रयास भैरहेको उल्लेख गर्नुभयो ।

उक्त समुद्घाटन कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूबाट संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय,निर्माण व्यवसायी, साइट इन्जिनियरलाई र वास्तुशास्त्री समेत ४ जनालाई प्रशंसापत्र प्रदान गरिएको थियो । कार्यक्रममा संवैधानिक निकायका प्रमुखज्यूहरु, नेपाल सरकारका सचिवज्यूहरु, विभिन्न निकायका प्रमुखज्यूहरु, लेखापरीक्षण सल्लाहकार समितिका सदस्यज्यूहरु, कार्यालयका पूर्व उपमहालेखापरीक्षकज्यूहरु, पूर्व कर्मचारी, सञ्चारकर्मी र कार्यालयका कर्मचारीहरु समेतको सहभागिता रहेको थियो ।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको समुद्घाटन सम्बोधन



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यू

९ मंसिर, २०७८

महालेखापरीक्षकको कार्यालय भवनको उद्घाटन समारोहमा भाग लिन पाउँदा मलाई खुसी लागेको छ । २०७२ सालको विनाशकारी भूकम्पबाट क्षति भएका कारण लामो समयसम्म भवनबिहिन अवस्थामा रहेको महालेखापरीक्षक कार्यालयले अब आफ्नै व्यवस्थित भवन पाएको छ । यसका लागि तपाईंहरूलाई बधाई तथा शुभकामना दिन चाहन्छु ।

नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत विचार गर्दै सरकारी निकायको कामलाई मूल्याङ्कन गरी सार्वजनिक वित्तीय क्षेत्रमा पारदर्शिता, जवाफदेहिता र स्वच्छता प्रवर्द्धन गर्न यस कार्यालयले महत्वपूर्ण भूमिका खेलिरहेको छ । परम्परागत पद्धतिको सट्टा विद्युतीय प्रविधिबाट लेखापरीक्षण गर्न लागेको जानकारी पाउँदा मलाई खुशी लागेको छ । यसबाट लेखापरीक्षणको गुणस्तर थप अभिबृद्धि हुने अपेक्षा गरेको छु । यस भवनको मूल प्रवेशद्वारबाट भित्र आउँदा मैले ठूला अक्षरमा लेखिएको देखें - 'अथ अर्थानुशासनम्' । प्राचीन विद्वान कौटिल्यद्वारा रचना गरिएको 'अर्थशास्त्र' कृतिमा उल्लेख भएको यस पदावलीले राज्यको आर्थिक अनुशासन हुनुपर्ने पक्षलाई उजागर गरेको छ ।

राज्य, यसका अङ्ग र निकायको आर्थिक अनुशासन समग्र अर्थतन्त्रको उन्नति र प्रगतिको प्रेरक माध्यम रहेको तथ्य प्राचीन कालदेखि नै हाम्रा पूर्वजहरूको जानकारीमा रहेको कुरा उक्त सूत्रबाट पुष्टि हुन्छ । महालेखापरीक्षकको कार्यालयले यसलाई आफ्नो मूल आदर्श बनाएकोमा म त्यसको सराहना गर्दछु । नागरिकबाट थोपा थोपा गरी संकलित भएको आर्थिक स्रोतप्रति उत्तरदायी राज्य व्यवस्थासँग मात्रै नागरिकको अपनत्व बढ्ने यथार्थलाई मध्यनजर गर्दै यस कार्यालयले 'अर्थानुशासन' को मर्मलाई व्यवहारमा उतार्ने विश्वास व्यक्त गर्दछु ।

नेपाल सरकारका विभिन्न कार्यालयबाट नियमित सार्वजनिक सेवा, विकास निर्माण, राजस्व संकलन, सामाजिक सेवा, स्रोत साधनको बाँडफाँट, उपयोग र अनुदानको प्रवाह भइरहेका हुन्छन् । ती कार्यहरूको मूल्याङ्कन र विश्लेषणसहित प्रतिवेदन मार्फत सुधारका क्षेत्रहरू पहिचान गरी सरकारलाई महत्वपूर्ण सुझाव प्रदान गर्न महालेखापरीक्षकको कार्यालय सदैव चनाखो र सक्षम रहनुपर्दछ । मुलुकमा संघीयता कार्यान्वयन भएपछि संघ, प्रदेश र स्थानीय तहसम्म यस कार्यालयको क्षेत्राधिकार अझ विस्तारित भएको छ । संघीय तथा प्रदेश सरकार र स्थानीय तहबीच संविधान बमोजिम स्रोत र साधनको समुचित बाँडफाँट एवम् आर्थिक प्रशासन समेतलाई दुरुस्त राख्न यथार्थपरक ढङ्गले विश्लेषण गरी त्यसको कारण पहिचान गर्नु पनि यसै कार्यालयको कार्यक्षेत्र भित्र पर्छ भन्ने विषय म यहाँ स्मरण गर्न चाहन्छु ।

देशको निर्यात भन्दा आयातको मात्रा उल्लेख्य रूपमा बढ्दै जाँदा मुलुकको व्यापार घाटा आज चिन्ताजनक रूपले चुलिएको छ । यो कृषि प्रधान मुलुक भएता पनि आधारभूत कृषि उपजमै परनिर्भरता हुनु दुःखको विषय हो । यसैगरी अपार जलस्रोतको सदुपयोग गरेर विद्युतीय सवारी साधन एवं विद्युतीय औजार प्रयोग हुन नसक्दा ठूलो परिमाणमा जैविक इन्धन आयात गर्नुपरेका कारणले समेत यो डरलाग्दो व्यापार घाटा व्यहोर्न हामी बाध्य बनेका छौँ । आत्मनिर्भर तथा स्वाधीन अर्थव्यवस्था निर्माण गर्नका लागि हालका नीतिहरूको विश्लेषण गर्दै जनताको उद्यमशीलता प्रवर्द्धन गर्न राज्यका सम्बद्ध निकायलाई घच्घच्याउने भूमिकासमेत महालेखापरीक्षकको कार्यालयले खेल्न सक्दछ ।

आजको यो अवसरमा म तपाईंहरूको ध्यान त्यसतर्फ आकर्षित गर्न चाहन्छु । सार्वजनिक खर्चमा बेरुजुको रकम बढ्दै जानु हामी सबैको लागि अर्को ठूलो चुनौतिको विषय बनेको छ । नियन्त्रण गर्ने प्रयासहरू हुँदाहुँदै बर्षेनी बेरुजू रकम बढ्ने क्रम के कारणले भैरहेको छ ? कसरी विगतको बेरुजु फर्स्यौट गर्ने ? र, कसरी आगामी दिनमा यसलाई पूर्ण नियन्त्रण गर्ने ? यी सवालहरूको जवाफ त खोज्नै पर्दछ । साथै आर्थिक अनुशासन कायम हुन नसक्दा मुलुकले व्यहोर्न बाध्य हुनुपरेको परिणामको समेत परीक्षण तथा मूल्यांकन कसरी गर्न सकिन्छ भन्ने विषयमा गम्भीर ध्यान पुऱ्याउनु पर्दछ भन्ने मलाई लागेको छ । यी ज्वलन्त प्रश्नका सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र यस कार्यालयले समेत गहन अध्ययन विश्लेषण गरी सुधार योजना लागू गर्नु आवश्यक छ ।

आज उद्घाटन भएको यस भवन निर्माणको क्रममा अहोरात्र खटिनुहुने प्राविधिक तथा अन्य कर्मचारी एवम् सम्बन्धित सबैलाई धन्यबाद दिन चाहन्छु । निर्माण कार्य गर्दा भवन संहिता एवम् मापदण्डहरू पालना गरी गुणस्तरीय तवरले निर्माण गरिएको छ भन्ने मैले विश्वास लिएको छु ।

कार्यालयको भवन निर्माण कार्य सम्पन्न गरी उद्घाटन समारोहमा आमन्त्रण गर्नु भएकोमा महालेखापरीक्षकको कार्यालयप्रति धन्यवाद प्रकट गर्दै आफ्नो कार्यक्षेत्रमा यहाँहरू सबैलाई सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको भवन समुद्घाटन मन्तव्य



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू

९ मंसीर, २०७८

सम्माननीय राष्ट्रपति श्रीमति विद्यादेवी भण्डारीज्यू,

संवैधानिक निकायका माननीय प्रमुखज्यूहरु,

प्रधान सेनापति ज्यू, राष्ट्रपति कार्यालयका पदाधिकारीज्यूहरु, सल्लाहकार समितिका सदस्यज्यूहरु

विभिन्न मन्त्रालय तथा निकायका सचिवज्यूहरु,

महालेखापरीक्षकको कार्यालयका वर्तमान तथा पूर्व कर्मचारी मित्रहरु ,

संचारकर्मी मित्रहरु लगायत उपस्थित सबै महानुभावहरु , हार्दिक नमस्कार तथा अभिवादन

अहिले हामी महालेखापरीक्षकको कार्यालयको नवनिर्मित भवनको समुदघाटन समारोहमा उपस्थित भएका छौ । यस अवसरमा सम्माननीय राष्ट्रपति श्रीमति विद्यादेवी भण्डारीज्यूलाई हार्दिक

स्वागत गर्न चाहन्छु । साथै यहाँ उपस्थित सबै महानुभावहरुलाई स्वागत गर्न चाहन्छु । यो भवन एकै छिन अघि सम्माननीय राष्ट्रपति श्रीमति विद्यादेवी भण्डारीज्यूबाट स्वस्ती वाचन र मंगलधुनको साथमा विधिवत समुदघाटन भईसकेको छ । आज सम्माननीय राष्ट्रपति श्रीमति विद्यादेवी भण्डारीज्यूबाट समय प्राप्त भई नेपालको सर्वोच्च लेखापरीक्षण संस्था महालेखापरीक्षकको कार्यालयको भवन समुद्घाटन भएकोमा सम्माननीय राष्ट्रपतिज्यू प्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु ।

यस अवसरमा यो भवन निर्माण कार्यमा अहोरात्र खट्ने महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरु, शहरी विकास मन्त्रालय र सो अर्न्तगतको शहरी विकास तथा भवन निर्माण विभाग, संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयका पदाधिकारी र कर्मचारीहरु, निर्माण व्यवसायी र ईन्जिनियरहरु, अहोरात्र खट्ने सम्पूर्ण कामदार तथा निर्माण कर्मीहरुलाई वहाँहरुको योगदानको कदर गर्दै हार्दिक धन्यवाद दिन चाहान्छु ।

वि.सं.२०१६ सालमा स्थापना भएको महालेखापरीक्षकको कार्यालय स्थापना कालदेखि नै बबरमहलबाट संचालन हुँदै आएको थियो २०७२ सालको भूकम्पबाट सो भवनमा क्षतिभई कार्यालय संचालन हुन नसक्ने भएकोले हाल बबरमहल स्थित एनेक्स भवन, कर्मचारी संचयकोष भवन पुल्चोक, नेपाल ट्रस्टको भवन ताहाचल, उपत्यका विकास प्राधिकरणको भवन अनामनगर र डिल्लीबजारमा एक भवन भाडामा लिई कार्यालय संचालन हुँदै आएको छ । २०७२ को भूकम्पले कार्यालयको भवन क्षति भएपछि बिभिन्न स्थानमा छरिएर कार्यसंचालन गर्न अत्यन्त कठिनाई भईरहेको थियो । हाल यो भवन निर्माण भएको स्थानमा शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतको संघीय सचिवालय व्यवस्थापन कार्यालय रहेको थियो । यो करीव ७ रोपनी स्थान महालेखापरीक्षकको कार्यालयलाई प्राप्त भई २०७३ श्रावण ३१ गते भवन निर्माण कार्यको ठेक्का लागेको थियो । सम्झौता भएको करिव करिव १६ महिनापछि मात्र यो भवनको निर्माण कार्य शुरु भएको हो ।

यो भवन निर्माणको लागि सम्माननीय राष्ट्रपतिज्यूबाट २०७४ मंसीर १८ गते शिलान्यास भएको थियो । शुरुमा यो निर्माण कार्यको लागि करिव २१ महिनाको समय दिई २०७६ भाद्र २० गते भित्र सम्पन्न गर्ने म्याद रहेको भएता पनि सो अवधिमा काम सम्पन्न हुन सकेन । २०७६ चैत्र देखि कोभिड १९ को महामारी फैलिए पश्चात निर्माण कार्यमा अवरोध भई तोकिएको समयमा निर्माण सम्पन्न हुने अवस्था रहेन । भवन निर्माण कार्यलाई अत्यन्त प्राथमिकतामा राखी निर्माण कार्यमा तीव्रता दिईएता पनि तोकिएको समयमा सम्पन्न हुन सकेन । यसै बीच कोभिड १९को स्वास्थ्य मापदण्ड पालना गर्न कार्यालयका कर्मचारीलाई स्थान अभावको कारणले सामान्य भौतिक दूरी कायम गरी काम गर्ने वातावरण समेत रहेन । कतिपय कर्मचारी आलोपालो गरेर कुर्सीमा बस्नुपर्ने अवस्था आयो र कतिले उभिएर काम गर्नुपर्ने अवस्था समेत रह्यो । स्थान अभावको कारणले अधिकांश आन्तरिक बैठक र कामहरु समेत भर्चुअल माध्यमबाट गरियो ।

कुनै सरकारी कार्यालयका खाली भएका भवनहरुबारे जानकारी भएमा छोटो समयको प्रयोगको लागि उपलब्ध गराउन अनुरोध पनि गरियो । तर कतैबाट पनि उपलब्ध हुन सकेन । निर्माण भईरहेको भवन चाँडो सम्पन्न गर्न निर्माण व्यवसायीलाई र शहरी विकास तथा भवन निर्माण विभागका प्राविधिकहरुलाई घच्घचाउनु र त्यतिन्जेल कुर्ने बाहेक हामीसँग अर्को विकल्प रहेन । स्पष्टरुपमा भन्नुपर्दा २०७२ को भूकम्प पश्चात्को साढे ६बर्ष महालेखापरीक्षकको कार्यालय अत्यन्त कमजोर भौतिक पूर्वाधार र दयनीय कार्य वातावरणमा संचालन गर्नुपर्यो । त्यस्तो सकसपूर्ण अवस्थामा पनि नियमित कार्यसंचालनमा प्रतिबद्ध भई जिम्मेवारी निर्वाह गर्ने कार्यालयका सबै कर्मचारीलाई धन्यवाद दिन चाहन्छु ।

हाम्रा कर्मचारीले अरु निकायको भौतिक पूर्वाधार र कार्यवातावरण सँग आफनो कार्यालयको भौतिक पूर्वाधार र कार्यवातावरण तुलना गर्दा हिनताबोध भई कार्यदक्षतामा समेत कमी आएको छ । यो भवन निर्माण भएपछि आजै देखि यहाँका सबै कर्मचारीको शीर र मनोबल उच्च भएको छ । खिन्नताबोध हटेको छ । प्रसन्नता र प्रफुल्लता बढेको छ । यस्तो दयनीय अवस्थाबाट गुज्रेको हाम्रो कार्यालय परिवारलाई आज निर्माण सम्पन्न भई जुन भवन प्राप्त भएको छ यसलाई हामीले ठूलो उपहारको रुपमा लिएको छौं । यस कार्यालयका कर्मचारीलाई यो ठूलो उत्प्रेरणाको श्रोत बनेको छ । अब कार्यालयका सबै कर्मचारीले निर्धक्करुपमा पूर्ण क्षमता प्रयोग गरी कार्यसम्पादन गर्ने विश्वास दिलाउन चाहन्छु ।

सम्माननीय राष्ट्रपतिज्यू,

उपस्थित महानुभावहरु,

अब म भवनको शिलान्यास तथा लागत र निर्माण सम्वन्धी केही जानकारी प्रस्तुत गर्न चाहन्छु । यो भवनको निर्माण कार्य शहरी विकास तथा भवन निर्माण विभागको डिजाईन तथा सुपरीवेक्षणमा भएको छ । यस भवनको कुल लागत रु ८३ करोड १८ लाख र शुरु ठेक्का अंक रु ६१ करोड २७ लाख रहेकोमा मूल्य समायोजन र भेरीएशन लगायतवाट.थप भई २०७८ कार्तिक मसान्तमा भवन सम्पन्न हुँदा रु.७३ करोड ९ लाख खर्च भएको छ । शुरुमा आँकलन गरिएको समय भन्दा करिव ३ बर्ष ढिला गरी यो भवन सम्पन्न भएको छ । हाम्रा विकास निर्माणका काम र परियोजनाहरु समयमा नै सम्पन्न नहुने आम परिपाटी बनेको छ । अधिकाँश परियोजनाहरु समयमा सम्पन्न हुदैनन र कतिपय त कहिल्यै पनि सम्पन्न हुँदैनन भन्ने आम बुझाईरहेको छ । यो भवन पनि मूलत कोभिड १९ को कारणले केहि ढीलो सम्पन्न भएको छ । यो भवनको शिलान्यासको

लागि मैले राष्ट्रपति कार्यालयमा पहलगर्दा राष्ट्रपति कार्यालयमा सबै तिरबाट शिलान्यासको लागि आग्रह गरिने तर कार्यसम्पन्न भएर उदघाटन नहुने समस्या रहेको गुनासो रहेको थियो । त्यस बखत म स्वयंले सम्माननीय राष्ट्रप्रतिज्यूलाई भेटी निर्माण सम्पन्न गराउने विश्वस्तता सहितको प्रतिवद्धता व्यक्त गरेपछि सम्माननीयज्यूबाट यो भवनको शिलान्यास भएको हो ।

यो भवन निर्माणको अवधिमा सम्माननीय राष्ट्रपतिज्यू र राष्ट्रपति कार्यालयबाट बारम्बार प्रगति अवस्थाको बारोमा चासो र जिज्ञासा रहने गरेको थियो । मैले हरेक पटक राष्ट्रपति कार्यालयमा जाँदा सो दिन सम्मको प्रगति अवस्था र फोटो लिएर जाने गरेको तथा सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रगति विवरण पेश गर्ने गरेको थिएँ । यो भवन सम्माननीय राष्ट्रपतिज्यूबाटै उद्घाटन गराउने प्रतिबद्धता समेत व्यक्त गरेको थिएँ । आज केही ढीलो भएपनि त्यो प्रतिबद्धता पूरा गर्न सकेकोमा मैले अत्यन्त गौरव महसुस गरेको छु । सम्माननीय राष्ट्रपतिज्यूबाट समय समयमा प्राप्त भएको प्रेरणात्मक निर्देशनको लागि हार्दिक आभार व्यक्त गर्दछु । त्यसैगरी राष्ट्रपति कार्यालयका पदाधिकारीहरुको चासो र सहयोगको लागि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

यसलाई अहिलेको अवस्था सम्ममा ल्याउनका लागि धेरै नै मिहेनत परेको छ । यो भवन निर्माणको पछिल्लो अवधिमा महालेखापरीक्षकको कार्यालयका सम्वद्ध पदाधिकारी, निर्माण व्यवसायीका जिम्मेवार कर्मचारी, भवनको सुपरीवेक्षण गर्ने संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयका सम्बद्ध कर्मचारीहरु समेत करिव २० जनाको सामाजिक सन्जाल भाइवर नेटवर्क खडा गरी त्यसैको माध्यमवाट हरेक दिनको प्रगति विवरण लिने र हरेक क्षणको समस्या समाधान गर्न निर्देशन र पहल गर्ने गरिएको थियो । म आफू पनि त्यो सन्जालमा आवद्ध भई जानकारी लिने तथा निर्देशन दिने गरेको छु । यो प्रविधी अत्यन्त प्रभावकारी रहेको पाएको छु । यसलाई अरु विकास निर्माणका काममा पनि अनुशरण गर्न सकिन्छ । यसरी कार्यसम्पन्न गर्न समन्वय तथा सहजिकरण गरेको कारण कार्यालयका कर्मचारीहरुले निरन्तररुपमा नियमित अनुगमन र निर्देशन दिएका र निर्माण व्वयसायीले तदनुरुप काम गरेका कारणनै यो भवन निर्माण सम्पन्न गर्न सकिएको हो ।

आज यो भवन हेर्दा अत्यन्त सुन्दर र चिटिक्क देखिएको छ । अझ रातको समयमा भवनको वरिपरी चारैतिर झिलिमिली बत्ती बलेको बेला हेरयो भने अझ सुन्दर र मनमोहक देखिन्छ । आज यो भवन निर्माणमा अहोरात्र खटने शहरी विकास मन्त्रालय, अन्तर्गत शहरी विकास तथा भवन निर्माण विभाग र संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयका कर्मचारीहरु, निर्माण व्यवसायी राम कुमार थापा, साइट ईन्जिनियर नरेश जघार्री, महालेखापरीक्षकको कार्यालयका यस कार्यमा खटने सबै कर्मचारीहरु प्रशन्न हुनु भएको छ । वहाँहरुले गौरवको महसुस गर्नु भएको छ । वहाँहरु संगै म पनि अति प्रशन्न भएको छु । आफैले शिलान्यास गरी निर्देशन र प्रेरणा दिएर निर्माण सम्पन्न भएको घरको आफैले समुदघाटन गर्न पाउँदा सम्माननीय राष्ट्रपतिज्यूमा पनि प्रसन्नता छाएको छ । राष्ट्रपति कार्यालयका पदाधिकारीज्यूहरुज्यूहरुमा पनि प्रशन्नता आएको छ । हामी सबै प्रफुल्ल र प्रशन्न भएका छौं । यो हामी सबैको संयुक्त प्रयास र पहलमा भएको उपलव्धि हो । यो भवन माथिल्लो निकाय र सम्मानीत पदाधिकारीहरुले चासो राखेर प्रेरणा दिएमा काम सम्पन्न गर्न सकिन्छ भन्ने उदाहरण बनेको छ ।

२०७२ को भूकम्प पश्चात मैले अरु स्थानमा काम गर्दा पनि अत्यन्त छोटो अवधीमा (एक महिना भन्दा पनि कम समयमा) घरहरु निर्माण गरेको अनुभव छ । नेपालका प्राविधिक तथा निर्माण व्यवसायीमा सीप र क्षमताको कमी छैन । वहाँहरुलाई सहजीकरण गर्ने, नियमित रुपमा अनुगमन तथा निर्देशन दिन सकेमा जस्तो सुकै काम पनि सम्पन्न गर्न सकिन्छ भन्ने मेरो विश्वास छ । यो भवन निर्माणको सिलसिलामा पनि म स्वयंले पटक पटक निर्माणसँग सम्बन्धित सरोकारवालाहरुसंग छलफल र समस्याको समाधान गरेको छु । वहाँहरुलाई सहजीकरण र सहयोग गरेमा काम समपन्न गर्न सकिन्छ । तर निर्माण व्यवसायीलाई ठेक्का लगाए पछि उनीहरुको मात्र जिम्माको काम भनियो भने त्यो सफल हुन सक्तैन भन्ने मेरो ठम्याई रहेको छ ।

सम्माननीय राष्ट्रपतिज्यू,

अव म यो भवनको बिशेषताको बारेमा छोटकारी प्रस्तुत गर्ने अनुमती चाहन्छु । यो भवन परम्परागत र आधुनिक शैलीको मिश्रणको रुपमा बनेको छ । यो भवन निर्माणको सिलसिलामा सम्माननीय राष्ट्रपतिज्यूबाट हाम्रो परम्परागत सँस्कृति झल्कने शैली र वातावरण मैत्री बनाउन निर्देशन भएको थियो सोही अनुसार आधुनिकता बीच पौराणिकता समेत मिश्रित गरी डिजाइनमा सामान्य फेरवदल गरिएको छ । यो भवन परम्परागत र आधुनिक संयुक्त स्वरुपको आवरण भएको भवन हो । परम्परागत शैलीमा दाची आपा इटाको बाहिरी पर्खाल, आंखी झयाल, कुदेको मूलढोका र झ्यालहरु, टायलको छाना रहेका छन भने आधुनिक तर्फ glazed curtain walls, structural glazing, Terracotta cladding) open office layout, half partition layout, air conditioning , smoke detector in all office and meeting spaces यो भवन सकेसम्मको वास्तु मिलाएर बनाइएको छ ।

भवनको साइट तयारीकै अवस्था देखि वरिष्ठ बास्तुविद् डा. बासुदेव कृष्ण शास्त्रीज्यूको सुझाव अनुसार वास्तु मिलाइएको छ । घरको सिलान्यास गर्दा पनि विधिपूर्वक पूजा गरिएको थियो र आज पनि विधिपूर्वक गृह पूजा गरिएको छ । वहाँको सहयोग र सुझावहरुको लागि म धन्यवाद भन्न चाहन्छु । जमिन र बाटोको अवस्था अनुसार ईन्जिनिरिङ्ग दृष्टिले डिजाइनमा यो भवनको मुलढोका स्वत: दक्षिण दिशा तर्फ राख्नु परेकोले वास्तु मिलाउनको लागि पूर्व दिशामा

समेत थप एक ढोका राखिएको छ । यहाँका जिम्मेवार मुख्य पदाधिकारीहरुको कार्यकक्षहरुसमेत प्रत्येक तलामा वास्तु अनुसार मिलाईएको छ। भवनको वरीपरी हरियाली हुनेगरी बगैँचा बनाइएको छ। भवनको सुन्दरता बाहिरबाटै सबैले देख्न सक्ने गरी फलामको पारदर्शी ग्रीलले कम्पाउण्ड घेरिएको छ। ईटाको अग्लो कम्पाउण्ड पर्खाल लगाइएको छैन। महालेखापरीक्षकको कार्यालय जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन गर्ने निकाय भएकोले यो भवनको बाहिर आवरण देखिने गरी पारदर्शिता झल्काउन खोजिएको छ।

भवन शुरुमा ११ तलाको डिजाइन गरिएकोमा जमिनको आधारमा ९ तलामा सीमित भएको छ। सो मध्ये २ तला अण्डरग्राउण्ड पार्किङ्ग रहेको छ। भवनको ग्राउण्ड फ्लोरमा आगन्तुक कक्ष, भण्डार कक्ष, पुस्तकालय, चमेना गृह तथा अभिलेख व्यवस्थापन कक्ष रहेको छ। पहिलो तला देखि छैटौं तलासम्म करिव ५ सय कर्मचारीका लागि कार्यकक्ष प्रयोग हुनेछ। भवनको दोश्रो तलामा महालेखापरीक्षकको कार्यकक्ष, सचिवालय र करिव ३० जना क्षमताको बिशिष्ट बैठक कक्ष र करिव ७५ जना क्षमताको बैठक कक्ष रहेको छ । सातौ तला अहिले यो कार्यक्रम भईरहेको स्थान करिव २ सय जना क्षमताको सभा कक्ष रहेको छ। यस भवनको छतबाट काठमाण्डौं उपत्यका वरपरको दृश्यावलोकन गर्न सकिन्छ।

महालेखापरीक्षक नेपालको संविधान बमोजिम एक संवैधानिक निकाय हो। सो कुरालाई झल्काउन भवनको मूलद्धारमा नेपालका महालेखापरीक्षक र महालेखापरीक्षकको कार्यलयको साईनबोर्ड राखिएको छ । यो भवनको नाम "अडिट भवन" राखिएको छ । भवनको शीरको पेटीमा अडिट भवन लेखिएको छ । यो अंग्रेजी र नेपाली मिश्रित शव्दहरु भएतापनि नेपाली जनजिब्रोमा बसी सकेकोले सबैलाई बुझ्न सहजनै हुन्छ भन्ने पनि विश्वास लिईएको छ । अझ अर्को कुरा यहाँ सँगसँगै महालेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय रहने भएकोले जनमानसमा र सेवाग्राहीहरुमा द्विविधा नपरोस भन्नका लागि पनि अडिट भवनको नामाकरण गरिएको छ।

मूलद्धारबाट भवनको परिसर प्रवेश गर्नासाथ बगैचा रहेको टापुको भित्तामा प्रसिद्ध नीतिशास्त्री तथा अर्थशास्त्री चाणक्यको भनाई "अथ अर्थानुशासनम्" भन्ने वाक्य उल्लेख गरिएको छ । यसको अर्थ अव हामी अर्थको अनुशासनको कुरा गर्न थाल्छौ भन्ने रहन्छ अर्थात अव अर्थको अनुशासनको कुरा हुन्छ भन्ने रहन्छ। चाणक्यले अर्थको अनुशासन पालनाका लागि राज्यका विभिन्न निकाय तथा अधिकारहिरुले निर्वाह गर्नुपर्ने जिम्मेवारी र कर्तव्यको बारेमा सबिस्तार व्याख्या गर्नु भएको छ।

अहिले मुलुकमा अपेक्षित रुपमा आर्थिक अनुशासन पालना हुन सकेको छैन। बेरुजूको ठूलो अंक देखिएको छ। प्रत्येक बर्ष लेखापरीक्षणबाट एक खर्ब भन्दा बढी रकम बेरुजु देखिने गरेको छ। हाल सम्मको बेरुजु र कारवाही टुँगो लगाउन बाँकी रकम करिव रु.६ खर्ब ७६ अर्ब रहेको छ। यो आर्थिक अनुशासनको कमिको कारणले भएको हो। महालेखापरीक्षकको उद्देश्य आर्थिक अनुशासन पालना गराउने र निष्ठा प्रबर्द्धन गर्ने समेत रहेकोले आर्थिक अनुशासन कायम भएमा मात्र अनियमितता कमि हुने र निष्ठा अभिबृद्धि हुने हुँदा यस भवनमा अर्थको अनुशासनको कुरा गरिन्छ। आर्थिक अनुशासन सबैले पालना गरौ भन्ने सन्देश दिन खोजिएको छ। चाणक्यको यो भनाईले यस भवनमा काम गर्ने सबै जनशक्ति र यहाँ प्रवेश गर्ने सबै व्यक्तिहरु लगायत हामी सबैमा मानसिक रुपले अर्थको अनुशासन पालना गर्न गराउन प्रेरित गरोस भन्ने विश्वास लिएको छु।

नवनिर्मित भवनमा सूचना प्रविधि कन्ट्रोल रुम सहित बेग्लै सुचना प्रविधि कक्ष राखिएको छ। म आजको यस अवसरमा सम्माननीय राष्ट्रपतिज्यूको उपस्थितिमा महालेखापरीक्षक कार्यालयले यस बर्षदेखी सूचना प्रविधिको माध्यमबाट लेखापरीक्षण गर्न लागेको कुरा औपचारिक रुपमा सार्वजनिक गर्न चाहन्छु । यसको लागि Nepal Audit Management System (NAMS) तर्जुमा गरिएको छ। सूचना प्रविधिबाट लेखापरीक्षण गर्ने कार्यको थालनी भएकोले सफ्टवेयर सञ्चालनका लागि आवश्यक प्रविधि जडान गरिएको र सबै कर्मचारीलाई Roll out तालिम पनि दिईसकेको छ । यही मंसिर महिना देखि संचालन हुने सबै अडिट अव सूचना प्रविधिको माध्यमबाट गरिनेछ । यसबाट लेखापरीक्षणकार्यको व्यवस्थापन र अभिलेख पद्धतिमा सुधार हुने विश्वास गरिएको छ। आज नै मैले अव सूचना प्रविधिको माध्यमबाट यसबर्ष लेखापरीक्षण गर्ने गरी वार्षिक योजना स्वीकृत गरेको छु। यस कार्यमा सँलग्न सबै कर्मचारी र परामर्शदाताहरुलाई धन्यवाद भन्न चाहन्छु।

सम्माननीय राष्ट्रपतिज्यू,

अव म केही कार्यालयका गतिविधीहरुको वारेमा प्रकाश पार्ने अनुमति चाहान्छु। वित्तीय सुशासनको मापन गर्ने मुख्य औजार लेखापरीक्षण हो नेपालको संबिधानले सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ महालेखापरीक्षकको ६ बर्षे कार्ययोजना र चौथो रणनीतिक योजना कार्यान्वयनमा रहेको छ । लेखापरीक्षण ऐन, २०७५ ले लेखापरीक्षणका नीतिगत र सैद्दान्तिक विषयहरुमा थप कानूनी स्पष्टता तथा व्यवस्था गरेको छ त्यस्तै, नेपाल लेखापरीक्षण सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०७७ स्वीकृत भई कार्यान्वयनमा आएको छ ।

महालेखापरीक्षकको कार्यालयको कार्यसम्पादनकोस्तर उत्कृष्ट स्तरको रहेको छ। अन्तराष्ट्रिय प्रचलन अनुसार महालेखापरीक्षकको काम कारवाही र कार्यसम्पादनको बारेमा अर्को सर्वोच्च लेखापरीक्षण संस्था वा स्वतन्त्र निकायहरुवाट मूल्यांकन गराईनु पर्दछ। यहि व्यवस्था बमोजिम महालखेापरीक्षकको कार्यालयको कार्यसम्पादन मूल्यांकनको लागि थाइल्याण्डको महालेखापरीक्षक

कार्यालयलाई जिम्मा दिइएको थियो । उक्त मूल्यांकनमा हाम्रो कार्यालयले उत्कृष्ट अंक हासिल गरेको छ । यो उपलब्धि सुनाउन पाउदा अत्यन्त सन्तोष लागेको छ । आगामी दिनहरुमा समेत कार्यसम्पादनमा कुनै कमी आउन नदिने प्रतिबद्धता व्यक्त गर्दछु ।

नेपाल सरकार (मन्त्रीपरिषद्) बाट ६ सय ४३ दरवन्दी कायम भई प्रदेश स्तरमा समेत कार्यालय खोल्ने निर्णय भएकोले निकट भविष्यमा प्रादेशिक कार्यालयहरु स्थापना गरिनेछ । प्रदेश तहमा कार्यालय खोली काम शुरुवात भएपछि संघीय, प्रदेश र स्थानीय तहको लेखापरीक्षण कार्यमा प्रभावकारिता आउने छ भन्ने विश्वास लिइएको छु ।

यस वर्ष करीव ६ हजार निकायहरुको लेखापरीक्षण सम्पन्न हुनेछ सो मध्ये उत्तरी हिमाली जिल्ला, केही पहाडी र सुदुर पश्चिमका गरी ३३ जिल्लाको लेखापरीक्षण सम्पन्न भईसकेको छ । अब दोश्रो चरणको लेखापरीक्षण अर्को हप्ता बाट शुरु गरिनेछ । यसपटक देखि जोखिममा आधारित प्रणाली अवलम्वन गरी लेखापरीक्षण सम्पन्न गरिनेछ । अब हुने सबै लेखापरीक्षण सूचनाप्रविधिको माध्यमबाट मात्र गरिनेछ । जसमा लेखापरीक्षण योजना देखि प्रतिवेदन जारी गर्ने सम्मका कार्य सफ्टवेयरको माध्यमबाट गरिनेछ । महालेखापरीक्षको बार्षिक प्रतिवेदन विगत देखिनै सामान्यतया चैत्र मसान्त भित्र पेश गर्ने प्रचलन रहेकोमा गत २ वटा प्रतिवेदन कोभिड १९ को असरका कारण सो अवधि भित्र प्रस्तुत गर्न सकिएन । यस वर्ष सदा झै चैत्र मसान्त भित्रै बार्षिक प्रतिवेदन पेश गर्ने योजना रहेको छ । यो योजना अनुसार नै कार्यसम्पादन हुने विश्वास दिलाउन चाहन्छु । गत बर्ष कोभिड १९ को व्यवस्थापन र कारोवारको छुट्टै प्रतिवेदन पेश गरिएको थियो । यस बर्ष पनि सो सम्वन्धी छुटै प्रतिवेदन तयार गर्ने योजना रहेको छ ।

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन कार्यान्वयनमा तदारुकता ल्याउनका लागि सम्माननीयज्यू समक्ष समेत वार्षिक प्रतिवेदन पेश गरिसके पश्चात् सम्माननीय प्रधानमन्त्रीज्यूकै उपस्थितिमा नेपाल सरकारका मूख्य सचिव लगायतका सबै निकायका सचिवहरु सहभागी गराई प्रतिवेदन कार्यान्वयनका सम्वन्धमा छलफल भए पश्चात् सबै निकायहरुलाई निश्चित लक्ष्य सहितका कार्ययोजना बनाउन निर्देशन भएको जानकारीमा आएको छ । यसैबीच महालेखापरक्षिकको ५८औं बार्षिक प्रतिवेदन संघीय संसदको प्रतिनिधिसभामा पेश भई सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको तर्फबाट प्रस्तुती तथा एक चरणको छलफल भइसकेको व्यहोरा समेत सम्माननीयज्यू समक्ष निवेदन गर्दछु ।

सम्माननीय राष्ट्रपतिज्यू, उपस्थित सम्पूर्ण महानुभावहरु,

अन्त्यमा, नवनिर्मित भवनबाट कार्य संचालन हुँदा कार्यवातावरणमा सुधार भई लेखापरीक्षणको माध्यमबाट आर्थिक अनुशासन पालना तथा वित्तिय सुशासन प्रबर्द्धनमा प्रभावकारीता आउने छ भन्ने विश्वास लिएको छु। यस भवन समुद्घाटन् कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूको गरिमामय उपस्थिति तथा भवनको समुद्घाटन्को लागि हार्दिक आभार व्यक्त गर्दछु । सम्माननीयज्यूको मार्गनिर्देशन महालेखापरीक्षकको कार्यालयका कर्मचारीको लागि सधै उत्प्रेरणाका श्रोत हुनेछन र सोही अनुसार कार्यान्वयन गरिनेछन् । आज हाम्रो आमन्त्रणलाई स्वीकार गरी यस कार्यक्रममा उपस्थित हुनु भएका सबै बिशिष्ट महानुभावमा हार्दिक धन्यवाद व्यक्त गर्दै मेरो भनाई अन्त्य गर्न चाहन्छु ।

धन्यवाद

नमस्कार ।

उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेलज्यूले समुद्घाटन समारोहमा व्यक्त गर्नुभएको मन्तव्य



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेलज्यू

९ मंसिर, २०७८

महालेखापरीक्षकको कार्यालय भवन समुदघाटन समारोहका प्रमुख अतिथि एवं सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यू,माननीय महालेखापरीक्षकज्यू, संबैधानिक निकायका माननीय प्रमुखज्यूहरु, श्रीमान प्रधानसेनापतिज्यू, संसदका महासचिवज्यू, नेपाल सरकारका सचिवज्यूहरु, उपमहालेखापरीक्षकज्यूहरु, लेखापरीक्षण सल्लाहकार समितिका सदस्यज्यूहरु, राष्ट्रपति कार्यालयका पदाधिकारीहरु, पूर्व उप-महालेखापरीक्षक तथा नायब महालेखापरीक्षकज्यूहरु, अन्य बिशिष्ट अतिथिज्यूहरु एवं कार्यालयका सम्पूर्ण कर्मचारीज्यूहरु र पत्रकारज्यूहरु सबैमा हार्दिक अभिवादन !

आज सम्माननीय राष्ट्रपतिज्यूबाट महालेखापरीक्षकको कार्यालय भवन समुदघाटन हुने समारोहमा उपस्थित सबै अतिथिलाई स्वागत गर्न पाउँदा म लगायत हाम्रो कार्यालय परिवार अत्यन्त हर्षित छ ।

महालेखापरीक्षकको कार्यालय भवन समुदघाटन समारोहमा हाम्रो निमन्त्रणलाई स्वीकार गरेर आफ्नो अमुल्य समय प्रदान गरी प्रमुख आतिथ्यता ग्रहण गरिदिनु भएकोमा सम्माननीय राष्ट्रपतिज्यूलाई कार्यालयको तर्फबाट स्वागत गर्दै हार्दिक कृतज्ञता ज्ञापन गर्दछु सम्माननीयज्यूको उपस्थितिले यस कार्यक्रमको गरिमा बढाएको छ । हामी कार्यालयका कर्मचारीलाई हौसला मिलेको छ । सम्माननीयज्यूबाट सदैव प्राप्त मार्गदर्शन एवं उत्साह प्रति हामी अत्यन्त आभारी छौ ।

आफ्नो अति व्यस्त समयको बावजूद हाम्रो आमन्त्रणलाई स्वीकार गरी भवन समुदघाटन समारोहमा पाल्नु हुने संवैधानिक निकायका माननीय प्रमुखज्यू, श्रीमान प्रधानसेनापतिज्यू, नेपाल सरकारका सचिवज्यूहरु, लेखापरीक्षण सल्लाहकार समितिका सदस्यज्यू, राष्ट्रपति कार्यालयका पदाधिकारीहरु, कार्यालयका बर्तमान र पूर्व कर्मचारीज्यूहरु, पत्रकारज्यूहरु लगायत सबै विशिष्ट माहानुभावमा कार्यालयको तर्फबाट हार्दिक आभार प्रकट गर्दै स्वागत गर्न चाहन्छु यहाँहरु सबैको उपस्थितिले हामीलाई गौरबबोध भएको छ ।

महालेखापरीक्षकको कार्यालयको लागि आजको दिन ऐतिहासिक रहेको छ । किनकि राज्यको महत्वपूर्ण संवैधानिक निकाय महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरुको नयाँ भवनबाट कार्यसम्पादन गर्ने सपना आज पूरा भएको छ। यो भवन अत्याधुनिक रहेको छ। करिब रु ७३ करोडको लागतमा ४ बर्ष लगाएर निर्माण भएको यस भबनमा दुई तला भूमिगत र जमिनमाथि सात तला रहेका छन् । यस भवनमा महालेखापरीक्षकको सचिवालय, कार्यालयका ४ विभाग लगायत महानिर्देशनालय र निर्देशनालयहरु रहनेछन् । जहाँबाट लेखापरीक्षण कार्य सम्पादन गर्न सहजता मिल्नेछ नयाँ भवनमा प्रवेश गरी लेखापरीक्षण कार्यलाई प्रभावकारी बनाउन हामी कार्यालयका कर्मचारीहरु उत्साहित छौ । यस क्षणमा म भवन निर्माणमा संलग्न निर्माण व्यवसायी र गुणस्तर नियन्त्रण एबं सुपरभिजनमा संलग्न प्राविधिकहरुलाई कार्यालयको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

महालेखापरीक्षकको कार्यालय सार्वजनिक क्षेत्रमा पारदर्शिता, जवाफदेहिता र निष्ठा प्रवर्द्धन गर्दै सुशासन कायम गर्न अग्रसर रहेको छ । राज्यलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने कार्यालयको प्रमुख उद्देश्य हो भने निष्ठा, स्वतन्त्रता, व्यवसायीकता, पारदर्शिता र जवाफदेहिता हाम्रा मुल्य मान्यताहरु हुन । निर्धारित उद्देश्य हासिल गर्न हामी प्रत्येक कार्यालयको ढोका ढोकामा पुगेर लेखापरीक्षण गर्दै आएका छौ। तथापी लेखापरीक्षणबाट औल्याईएका व्यहोरा एवं सुझावहरु समूचितरुपमा सम्बोधन नहुदाँ सार्वजनिक वित्तिय व्यवस्थापनमा आशातित सुधार हुन नसकेको सम्बन्धमा सबै पक्ष सजग हुन आवश्यक देखिएको छ ।

लेखापरीक्षणको गुणस्तरीयताबाट मात्र वित्तीय व्यवस्थापनमा सुधार गर्न सकिन्छ भन्ने मान्यतामा आधारित भएर लेखापरीक्षणका विधि र प्रकृयालाई व्यवस्थित गर्ने, गुणस्तर नियन्त्रण एवं पुनरावलोकन गर्ने जस्ता अन्तराष्ट्रिय अभ्यासहरु अवलम्वन गरिएको छ । अन्तराष्ट्रिय लेखापरीक्षणमानलाई अनुशरण गर्दै २०७७ श्रावण देखि नेपाल सरकारी लेखापरीक्षणमान कार्यान्वयनमा ल्याईएको छ । यसै महिनादेखि म्यानुअलको सट्टा विद्युतीय माध्यमबाट लेखापरीक्षण गरिने प्रणाली विकास गरी कार्यान्वयन गर्न समेत शुरुवात गरिएको छ । फलस्वरुप नेपालको सरकारी लेखापरीक्षण अन्तराष्ट्रियस्तरको रहेको व्यहोरा यस समारोहमा जाहेर गर्न पाउँदा महालेखापरीक्षकको कार्यालय परिवारले गौरवको अनुभूति गरेको छ। यसैगरी कार्यालयले नागरिक लेखापरीक्षण मोबाईल एप्लिकेशन तयार गरी लेखापरीक्षणमा नागरिकको सहभागितामार्फत प्रमाण संकलन गर्ने व्यवस्था मिलाएको व्यहोरा समेत अवगत गराउन चाहन्छु ।

लेखापरीक्षणमा नयाँ प्रबिधि सँगै चुनौतिहरु समेत थपिएका छन् । सूचना प्रविधिको बिकास सँगै दूर लेखापरीक्षण (Remote Auditing) अदृश्य लेखापरीक्षण (Faceless Auditing) गर्नुपर्ने आवश्यकता एकातिर छ भने अर्कोतर्फ कृत्रिम बौद्धिकता (Artificial Intelligence) को प्रयोगबाट मानव जनशक्तिको सट्टा मेशिनको प्रयोग गरी सरल, सहज एवं मितव्ययितवरले लेखापरीक्षण गर्ने अवसरलाई समेत उपयोग गर्नुपर्ने अवस्था छ । यस सन्दर्भमा नयाँ कार्यालय भवनबाट नवीन प्रविधिको प्रयोग गर्दै कागजरहित लेखापरीक्षण (Paperless Auditing) सञ्चालन भई कार्यालयको सवैधानिक भूमिका प्रभावकारीतवरले निर्वाह हुने कुरामा हामी सबै विश्वस्त छौ ।

अन्त्यमा, यस महालेखापरीक्षकको कार्यालय भवन समुद्घाटन समारोहमा सम्माननीय राष्ट्रपतिज्यू एवं अतिथिज्यूलाई मेरो तथा महालेखापरीक्षक कार्यालय परिवारको तर्फबाट पुनः हार्दिकताका साथ स्वागत गर्दै बिदा हुन चाहन्छु ।

धन्यवाद !

नेपाल लेखापरीक्षण प्रणाली व्यवस्थापन इकाई गठन

२ मंसिर, २०७८

माननीय महालेखापरीक्षकज्यूबाट २०७८ कार्तिक ३० मा स्वीकृत नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७८ को दफा ७ बमोजिम नायव महालेखापरीक्षक श्री घनश्याम पराजुलीको नेतृत्वमा (NAMS) व्यवस्थापन एकाई गठन गरिएको छ । समितिका सदस्यहरुमा निर्देशक श्री नारायण प्रसाद पराजुली, निर्देशक श्री निर प्रसाद सुवेदी, निर्देशक (सूचना प्रविधि) श्री रमेशराज सुवेदी, लेखापरीक्षण अधिकारी श्री विष्णु प्रसाद पौडेल, श्री लेख बहादुर थापा, श्री निषभ शाक्य, श्री रस्मिता सिम्खडा र कम्प्युटर अधिकृत श्री सुवास अधिकारी रहनु भएको छ । इकाईले कार्यालयद्वारा लागू व्यवस्थापन प्रणालीको प्राविधिक एवं लेखापरीक्षण सम्बन्धी प्रमुख विषयको तयारी, सञ्चालन र प्रतिवेदन गर्नेछ ।

वर्ष ४, अंक १८, २०७८ मंसिर (Year 4, Issue 18, Nov/Dec, 2021

नव निर्मित "अडिट भवन" समुद्घाटन समारोहका झलकहरु



उद्घाटन कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूलाई स्वागत गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू



सम्माननीय राष्ट्रपतिज्यू नव निर्मित अडिट भवनको मूलद्वारबाट रीवन काटी प्रवेश गर्नुहुँदै



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यू



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू

वर्ष ४, अंक १८, २०७८ मंसिर (Year 4, Issue 18, Nov/Dec, 2021



कार्यक्रममा उप-महालेखापरीक्षक र नायव महालेखापरीक्षकहरु लगायत अन्य सहभागी



कार्यक्रममा सहभागी आमन्त्रित महानुभावहरु



कार्यक्रममा सहभागी कार्यालयका कर्मचारीहरु

वर्ष ४, अंक १८, २०७८ मंसिर (Year 4, Issue 18, Nov/Dec, 2021



सम्माननीय राष्ट्रपतिज्यू माननीय महालेखापरीक्षकज्यूबाट मायाको चिनो ग्रहण गर्नुहुँदै ।



सम्माननीय राष्ट्रपति र माननीय महालेखापरीक्षकसँग सम्मानित व्यक्तित्वहरु



सम्माननीय राष्ट्रपतिज्यू र माननीय महालेखापरीक्षकज्यूसँग कार्यालयका उप-महालेखापरीक्षकज्यूहरु

वर्ष ४, अंक १८, २०७८ मंसिर (Year 4, Issue 18, Nov/Dec, 2021



सम्माननीय राष्ट्रपतिज्यू र माननीय महालेखापरीक्षकज्यूसँग कार्यालयका नायव महालेखापरीक्षकहरु



सम्माननीय राष्ट्रपतिज्यू र माननीय महालेखापरीक्षकज्यूसँग लेखापरीक्षण सल्लाहकार समितिका पदाधिकारीज्यूहरु



सम्माननीय राष्ट्रपतिज्यू र माननीय महालेखापरीक्षकज्यूसँग उद्घाटन कार्यक्रम व्यवस्थापन समितिका सदस्यहरु

वर्ष ४, अंक १८, २०७८ मंसिर (Year 4, Issue 18, Nov/Dec, 2021



सम्माननीय राष्ट्रपतिज्यू भवनको सातौँ तलाबाट दृश्यावलोकन गर्नुहुँदै



भवनको अग्रभागमा नायव महालेखापरीक्षकज्यूहरु

वर्ष ४, अंक १८, २०७८ मंसिर (Year 4, Issue 18, Nov/Dec, 2021

नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली कार्यान्वयन सम्वन्धी अभिमुखीकरण

२७ मंसिर, २०७८

महालेखापरीक्षकको कार्यालयले यो वर्ष देखि कार्यान्वयनमा ल्याएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली सम्वन्धमा जानकारी प्रदान गर्ने उद्देश्यले नेपाल सरकारका मन्त्रालय तथा विभागका आर्थिक प्रशासन महाशाखा र शाखा प्रमुखहरुको अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । लेखापरीक्षण कार्यलाई सम्पन्न गराउन प्रत्येक निकायका आर्थिक प्रशासन प्रमुखको महत्वपूर्ण भूमिका रहने भएकोले सो अनुरुप नयाँ सफ्टवेयरको माध्यमबाट गरिने लेखापरीक्षणमा उहाँहरुको सहभागिता तथा भूमिकालाई व्यवस्थित बनाई लेखापरीक्षण कार्य प्रभावकारी तथा विश्वसनीय तुल्याउन कार्यालयले उक्त कार्यक्रमको आयोजना गरेको थियो । सो कार्यक्रममा नेपाल सरकारका विभिन्न मन्त्रालय तथा विभागका आर्थिक प्रशासन प्रमुख गरी ७८ जनाको उपस्थिति रहेको थियो ।



समारोहलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू

समारोहलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले आर्थिक अनियमितता तथा राज्यकोषको हानीनोक्सानीलाई नियन्त्रण गर्न लागि समयमै रिपोर्टिङ गर्ने संयन्त्र निर्माण गरी त्यसलाई क्रियाशील बनाउन सकेमा लेखापरीक्षण जोखिम घट्न जाने तथा वेरुजु न्यूनीकरणमा समेत सहयोग पुग्ने धारणा व्यक्त गर्नुहुँदै यसका लागि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली महत्वपूर्ण पूर्वाधारको रुपमा स्थापित हुनसक्ने विश्वास व्यक्त गर्नु भयो । बेरुजु न्यूनीकरणका लागि आर्थिक प्रशासन प्रमुखहरुको अत्यन्त महत्वपूर्ण भूमिका हुने बताउनुहुँदै यसका लागि बेरुजु नआउने गरी कारोवार गर्न र समयमै फछ्यौट गर्न तर्फ तदारुकता देखाउन आग्रह गर्नँ भयो । उहाँले लेखापरीक्षणमा औल्याईएका व्यहोराहरु असान्दर्भिक तथा अनुपयुक्त लागेमा तत्काल तथ्य र प्रमाणका आधारमा लेखापरीक्षण टोली समक्ष जानकारी गराउन सुझाव समेत दिनुभयो ।

कार्यक्रममा महालेखा नियन्त्रक श्री सुमनराज अर्यालले महालेखापरीक्षकको कार्यालयले समयसापेक्ष रुपमा लेखापरीक्षण प्रविधिमा स्तरोन्नति गरी यस तर्फ ठूलो फड्को मारेको बताउनु भयो । अहिले विद्युतीय शासन डिजिटल शासन प्रणालीमा रुपान्तरण हुँदै गईरहेको सन्दर्भमा कर्मचारीहरुमा सूचना प्रविधि सम्वन्धी न्यूततम ज्ञान तथा सीप अनिवार्य रहेको साथै हरेक सरकारी कार्यालयले सूचना प्रविधि सम्वन्धी उपयुक्त पूर्वाधर निर्माण गर्नपर्ने आवश्यकता औल्याउनु भयो । त्यसैगरी उहाँले आर्थिक प्रशासनसँग सम्वन्धित कतिपय सूचनाहरु अत्यन्त संवेदनशील हुने भएकोले अवस्था अनुसार तिनीहरुको गोपनीयतामा समुचित ध्यान दिनु पर्ने हुँदा सफ्टवेयर प्रणालीको सुरक्षा तर्फ विशेष सतर्कता अपनाउन सुझाव दिनु भएको थियो । सो कार्यक्रममा उहाँले नेपालमा वेरुजुको आयतन बढ्दै गईरहेको सन्दर्भमा यसको न्यूनीकरणका लागि कार्यालय प्रमुख, आर्थिक प्रशासन प्रमुख र स्टोर किपरको भूमिका महत्वपूर्ण हुने धारणा व्यक्त गर्नु भयो ।

कार्यक्रममा उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले अवको लेखापरीक्षणका सवै क्रियाकलापहरु डिजिटल प्लेटफर्ममै हुने जानकारी दिनुहुँदै लेखापरीक्षणमा कागजको प्रयोग निरुत्साहित गरिएकोले लेखापरीक्षकको अग्रसरताबाटमात्रै न्याम्स सफ्टवेयर पूर्ण रुपमा कार्यान्वयनमा नजाने भएको हुँदा यसको सफल कार्यान्वयनका लागि लेखापरीक्षण गराउने निकायको पनि उत्तिकै सहयोग र समन्वयकारी भूमिकाको आवश्यकता माथि जोड दिनुभएको थियो । यसका साथै उहाँले न्याम्स सफ्टवेयरको सञ्चालनका महत्वपूर्ण प्राविधिक पक्षहरुको बारेमा चर्चा गर्नुहुँदै कार्यालयहरुको विगत वर्षका वेरुजुको डिजिटलाईजेसन तथा प्रणालीमा प्रवृष्टि कार्य प्रारम्भ भएकोले सम्परीक्षण कार्य थप सहज हुने विश्वास व्यक्त गर्नु भएको थियो ।

नयाँ प्रणालीबाट लेखापरीक्षण गराउँदा लेखापरीक्षण गराउने निकायका सम्वद्ध व्यक्तिमा पर्न सक्ने प्रणाली सम्वन्धी द्विविधालाई समाधान गर्न कार्यालयबाट सम्पर्क व्यक्तिहरुको व्यवस्था गरिएको जानकारी समेत उहाँले दिनु भएको थियो ।



कार्यक्रममा मन्तव्य व्यक्त गर्नुहुँदै महालेखा नियन्त्रकज्यू

वर्ष ४, अंक १८, २०७८ मंसिर (Year 4, Issue 18, Nov/Dec, 2021

माननीय महालेखापरीक्षकज्यूबाट प्रदेश लेखापरीक्षण निर्देशनालयहरुलाई निर्देशन

२७ मंसिर, २०७८

महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना २०७८ अनुसार दोस्रो चरणको लेखापरीक्षण कार्यमा खटिने लेखापरीक्षकहरुका लागि माननीय महालेखापरीक्षकज्यूबाट लेखापरीक्षण कार्यलाई नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (Nepal Audit Management System – NAMS) को माध्यमबाट सम्पादन गरी उच्चस्तरको लेखापरीक्षण नतिजा समयमै हासिल गर्न आवश्यक निर्देशन प्रदान गर्ने उद्देश्यका साथ प्रदेश लेखापरीक्षण निर्देशनालयहरुसँग छलफल कार्यक्रमको आयोजना गरियो । सो कार्यक्रममा सबै उपमहालेखापरीक्षक नायब महालेखापरीक्षक सम्बन्धित निर्देशनालयका निर्देशक तथा लेखापरीक्षण अधिकारीहरुको उपस्थिति रहेको थियो ।

उक्त अवसरमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालले न्याम्स सफ्टवेयरको सम्बन्धमा जानकारी प्रदान गर्न विभिन्न संयन्त्र निर्माण गरी क्रियाशील बनाईएकोले सो अनुसार अगाडि बढ्न स्वयं लेखापरीक्षणमा खटिने टोलीले आफूलाई थप सक्रिय बनाउन आग्रह गर्नुभयो । विशेषगरी प्रदेश नं २ मा स्थानीय तहको अघिल्लो वर्षको बक्यौता लेखापरीक्षण बाँकी रहेको र यो वर्षको पनि सम्पन्न गर्नु पर्ने भएको हुँदा लेखापरीक्षण कार्यलाई दृष्टिगत गरी मौजुदा जनशक्तिलाई यथाशीघ्र परिचालन गर्न गराउन निर्देशन दिनु भएको थियो । त्यसैगरी लेखापरीक्षण प्रतिवेदन जारी गर्दा लेखापरीक्षण गराउने निकायका जिम्मेवार पदाधिकारी सँग छलफल गरेर उनीहरुले पेश गरेका प्रमाण तथा कागजातको आधारमा राख्नुपर्ने बेरुजु समावेश गरी लेखापरीक्षण प्रतिवेदनलाई गुणस्तरी एवं सुधारात्मक बनाउन निर्देशन दिनुभयो ।

सो कार्यक्रममा उपमहालेखापरीक्षक रामुप्रसाद डोटेलले प्रणालीको प्रयोगबाट लेखापरीक्षण हुँदैन कि भनेर कोही पनि भ्रममा नपर्न आग्रह गर्नु हुँदै कार्यान्वयनको क्रममा आउन सक्ने हरेक प्राविधिक समस्यालाई समाधान गरेर न्याम्स सफ्टवेयरलाई सफल बनाएर



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू

छाडिने बताउनु भयो । लेखापरीक्षणको क्रममा आउन सक्ने प्रणालीगत समस्यालाई तत्काल समाधान गर्न भर्चुअल रुपमा एउटा टिम निरन्तर क्रियाशील रहने जानकारी प्रदान गर्दै लेखापरीक्षण कार्यलाई यथाशीघ्र अगाडि बढाएपछिमात्र न्याम्स सफ्टवेयरका प्राविधिक पाटाहरुको जानकारी हुने भएकोले त्यतातर्फ लाग्न सबैलाई निर्देशन दिनु भएको थियो । उहाँले प्रणालीबाटै लेखापरीक्षण प्रतिवेदन निस्कने भएकोले चेकलिस्ट छनौट गर्दा विशेष ध्यान दिन आग्रह गर्दै डिजिटल प्लेटफर्मबाट लेखापरीक्षण गर्दा लेखापरीक्षण नोट तथा कार्यपत्र सहित समग्र लेखापरीक्षण फाईलको अभिलेख व्यवस्थापन कार्य अत्यन्त सहज हुने विचार व्यक्त गर्नुभयो ।



कार्यक्रममा सहभागी कर्मचारीहरु

वर्ष ४, अंक १८, २०७८ मंसिर (Year 4, Issue 18, Nov/Dec, 2021

स्थलगत लेखापरीक्षणमा खटिने कर्मचारीलाई अभिमुखीकरण कार्यक्रम



अभिमूखीकरण कार्यक्रममा कर्मचारीहरुलाई निर्देशन दिनुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू

१५ मंसिर, २०७८

कार्यालयले प्रयोगमा ल्याएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको प्रयोग र दोश्रो चरणमा लेखापरीक्षण डोरमा खटिने कर्मचारीलाई मार्गदर्शन प्रदान गर्ने सम्बन्धी कार्यक्रम सम्पन्न भयो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले कार्यालयको व्यवस्थापकीय पक्ष, जिम्मेवारी बाँडफाँड, नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको प्रयोग र लेखापरीक्षण कार्य सञ्चालन सम्बन्धमा सम्बोधन गर्नुभएको थियो । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षणको पहिलो चरण अन्तर्गत विभिन्न ३३ जिल्लाको लेखापरीक्षण कार्य सम्पन्न भइसकेको र बाँकी जिल्लाको लेखापरीक्षण कार्य मंसिर तेश्रो हप्ताबाट शुरु गर्न निर्देशन दिनुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै नयाँ भवन निर्माण पश्चात् कर्मचारीहरुले नयाँ कार्य वातावरणमा प्रविधिको प्रयोग गरी उच्च मनोवलका साथ लेखापरीक्षण कार्य अगाडि बढाउनुपर्ने, महानिर्देशनालयहरुले लेखापरीक्षण डोरको तोकिए बमोजिम कार्य बाँडफाँड गरी माघ मसान्तभित्र लेखापरीक्षण सम्पन्न गर्ने गरी कार्यतालिका बनाउने, लेखापरीक्षणमा खटिने कर्मचारीले पेशागत मर्यादा र कार्यालयबाट तोकिएको आचारसंहिताको पालनालाई विशेष ध्यान दिनुपर्ने, प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन तयार गर्दा एकरुपता, विश्वसनीयता र त्यसको गुणस्तरका पक्षमा विशेष ध्यान दिने लगायतको विषयमा कर्मचारीहरुलाई निर्देशन दिनुभएको थियो ।

कार्यक्रममा उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले लेखापरीक्षण डोरमा खटिनुपूर्वको आवश्यक तयारी सम्बन्धमा निर्देशन दिनुहुँदै नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको अनिवार्य प्रयोग गर्न र कर्मचारीहरुलाई यसमा अभ्यस्त हुन जोड दिनुभयो । कार्यक्रममा उप-महालेखापरीक्षकहरु, श्री राममाया कुँवर,श्री महेश्वर काफ्ले र श्री बामदेव शर्मा अधिकारीले समेत सम्बोधन गर्नुभएको थियो । कार्यक्रममा कार्यालयका नायव महालेखापरीक्षकज्यूहरु, लेखापरीक्षणमा खटिने निर्देशक, लेखापरीक्षण अधिकारी लगायतका कर्मचारीको सहभागिता रहेको थियो ।



कार्यक्रममा सहभागी कर्मचारीहरु

वर्ष ४, अंक १८, २०७८ मंसिर (Year 4, Issue 18, Nov/Dec, 2021

नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली कार्यान्वयन सम्बन्धी लेखाउत्तरदायी अधिकृतहरुसँग छलफल



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यू

१५ मंसिर, २०७८

महालेखापरीक्षकको कार्यालयको सार्वजनिक निकायको अन्तिम लेखापरीक्षणलाई सूचना प्रविधिको माध्यमबाट सम्पन्न गर्न कार्यान्वयनमा ल्याएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) को बारेमा जानकारी गराउने उद्देश्यले नेपाल सरकारका मुख्यसचिव श्री शंकरदास बैरागी लगायत विभिन्न मन्त्रालय र संवैधानिक निकायका सचिवज्यूसँग छलफल कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले अब लेखापरीक्षण योजना, प्रतिवेदन, सम्परीक्षण लगायत सम्पूर्ण कार्य सो प्रणालीका माध्यमबाट हुने बताउनु भयो । ६ हजारभन्दा बढी सार्वजनिक निकायले सोही प्रणालीमार्फत लेखापरीक्षण गराउनुपर्ने, (NAMS) को कार्यान्वयनसँगै सार्वजनिक निकायको प्रभावकारिता वृद्धि हुने, बेरुजु न्यूनीकरणमा सहयोग पुग्ने तथा स्वविवेकीय कार्यशैलीलाई निरुत्साहित गर्न सघाउ पुग्ने बताउनु भयो । सो अवसरमा महालेखापरीक्षक शर्माले अब सार्वजनिक निकायको लेखापरीक्षणको काम अनलाइन माध्यमबाट हुने बताउनु भयो ।

"अब 'म्यानुअल' लेखापरीक्षण हुँदैन, लेखापरीक्षणलाई 'फेसलेस' र 'पेपरलेस' बनाइएको, उल्लेख गर्नुहुँदै उहाँले सो प्रणालीलाई सार्वजनिक निकायमा प्रयोगमा रहेको अन्य सफ्टवेरसँग पनि आवद्ध गर्न सकिने बताउनु भयो । लेखापरीक्षणमा प्रयोग गरिएको यस प्रणालीलाई व्यवस्थित गर्न कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (व्यवस्थापन तथा सञ्चालन), निर्देशिका, २०७८ जारी गरिसकेको तथा प्रणालीलाई थप परिमार्जन गर्न लेखापरीक्षक र सूचना प्रविधि विज्ञ सम्मिलित व्यवस्थापन इकाई समेत गठन गरिएको उल्लेख गर्नुभयो ।

छलफल कार्यक्रममा नेपाल सरकारका मुख्यसचिव श्री शंकरदास वैरागीले प्रणालीको सफलताको लागि नेपाल सरकारका सचिवहरुको प्रतिबद्धता आवश्यक रहेको बताउनुभयो । उहाँले नेपाल सरकारका विभिन्न निकायमा प्रयोगमा ल्याईएका विद्युतीय प्रणालीको स्थायित्व समयानुकुल परिमार्जन, सुरक्षा र प्रभावकारिता अभिवृद्धिका लागि सरकारले उच्चस्तरीय आयोग गठन प्रक्रिया अघि बढाएको समेत जानकारी दिनुभयो । उहाँले



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास वैरागीज्यू

नयाँ भवन सञ्चालनसँगै सूचना प्रविधिको माध्यमबाट लेखापरीक्षण गर्ने नवीन कार्यको थालनी गरेकोमा बधाई व्यक्त गर्नुहुँदै यसको विकास, विस्तार र स्थायित्वको लागि शुभकामना दिनुभयो । प्रविधिलाई आत्मसात् गरी वित्तीय सुशासन कायम गर्न यस प्रविधिले सहयोग पुऱ्याउने उल्लेख गर्नुभयो । यस वर्ष शुन्य बेरुजु वर्ष बनाउने अभियान सञ्चालन गरी बेरुजु फर्स्यौटमा तीव्रता ल्याइने उहाँले बताउनुभयो ।

कार्यक्रममा उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको सम्बन्धमा प्रस्तुतीकरण दिनुभएको थियो । उहाँले कार्यालयको सूचना प्रविधिको प्रयोग गरेर लेखापरीक्षण गर्ने रणनीतिक योजना (२०२१-२०२५) को लक्ष्य हासिल गर्न सो प्रणाली तयार गरिएको बताउनुभयो । उहाँले उक्त प्रणालीले बेरुजु घटाउने तथा लेखापरीक्षण लागत न्यूनीकरण गर्ने बताउनुभयो ।

छलफलमा सहभागी नेपाल सरकारका सचिवहरुले सार्वजनिक निकायको लेखापरीक्षणलाई व्यवस्थित बनाउन ल्याएको उक्त प्रणालीको कार्यान्वयनमा ऐक्यबद्धता जनाउनुभएको थियो । उहाँहरुले सूचना प्रविधिमैत्री जनशक्ति तयार गर्न, सम्पूर्ण सार्वजनिक निकायका प्रमुख तथा लेखा शाखाका जनशक्तिलाई प्रणालीका बारेमा अभिमुखीकरण गराउन, प्रणालीको सुरक्षा तथा पूर्वाधार विकासमा ध्यान दिन अनुरोध गर्नुभएको थियो ।

कार्यक्रममा मुख्यसचिव श्री बैरागीज्यू, विभिन्न मन्त्रालय तथा आयोगका सचिव तथा लेखा उत्तरदायी अधिकृत लगायतको उपस्थिति रहेको थियो ।




कार्यक्रममा सहभागी नेपाल सरकारका लेखाउत्तरदायी अधिकृत र महानुभावहरु



उप-महालेखापरीक्षकज्यू समेत कार्यक्रमा उपस्थित नेपाल सरकारका सचिवज्यूहरु

महालेखानियन्त्रक कार्यालय अर्न्तगतका कार्यालयलाई NAMS सम्बन्धी अभिमुखिकरण कार्यक्रम




१२ मंसिर, २०७८

महालेखापरीक्षकको कार्यालयको आयोजना तथा महालेखानियन्त्रक कार्यालयको संयोजनमा सरकारको लेखा राख्ने र प्रतिवेदन गर्ने मुख्य जिम्मेवारी बोकेको महालेखानियन्त्रक कार्यालय र मातहत कार्यालयहरुका लागि मिति २०७८।८।१२ मा लेखापरीक्षण व्यवस्थापन प्रणाली सम्बन्धी जानकारी दिने उद्देश्यका साथ एक दिवसीय अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

अभिमुखिकरण कार्यक्रममा स्वागत मन्तव्य राख्नुहुँदै महालेखानियन्त्रक श्री सुमनराज अर्यालले मलेनिका र महालेखापरीक्षकबीचको प्राविधिक अन्तरआवद्धताको सिलसिलामा कार्यक्रममा सहभागी गराएकोमा महालेखापरीक्षकको कार्यालयप्रति आभार व्यक्त गर्नुभएको थियो । सूचना प्रविधिको आत्मसात सँगै यस प्रकारको उपलब्धिलाई डेभलपमेन्ट शेयरिङ्गको रुपमा समेत लिनुपर्ने उल्लेख गर्दै उहाँले NAMS सम्बन्धि जानकारी लिनेदिने कार्यक्रमबाट कोष तथा लेखा नियन्त्रक कार्यालयहरुले गर्ने सहयोग र समन्वयमा सहजता हुने तथा महालेखानियन्त्रक र अन्तर्गतका कार्यालयबाट महालेखापरीक्षकको कार्यालयबाट शुरु भएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली सम्बन्धी कार्यमा पूर्ण सहयोग हुने प्रतिवद्धता जनाउनुभएको थियो ।

कार्यक्रममा उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले महालेखापरीक्षकको कार्यालयबाट यस आर्थिक वर्षबाट कार्यान्वयनमा आएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) सम्बन्धमा सामान्य जानकारीका साथ लेखापरीक्षणको विभिन्न चरणमा लेखापरीक्षण गराउने निकायको तर्फबाट हुने संलग्नता र भूमिका सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

प्रस्तुतीकरणको क्रममा उहाँले प्रत्येक जिल्लामा जाने टोलीले सम्पर्क विन्दुको रुपमा महालेखापरीक्षकको कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई लिदै आएको तथा सहयोग प्राप्त भैरहेको उल्लेख गर्दै आर्थिक सुशासन कायम गर्ने समान उद्देश्यमा महालेखापरीक्षक र महालेखानियन्त्रक सँगसँगै रहेको धारणा राख्नुभएको थियो । कतिपय अवस्थामा महालेखानियन्त्रक कार्यमा विश्वस्त रहि महालेखापरीक्षकले आफ्नो राय व्यक्त गर्दै आएको र लेखापरीक्षणको प्रमुख आधार बनाउँदै आएको स्मरण गराउँदै उहाँले यसपटक ३ हजार ८ सय लेखापरीक्षण ईकाईको अन्तिम लेखापरीक्षण आन्तरिक लेखापरीक्षणकै आधारमा टुङ्गाउने निर्णय भएको जानकारी समेत गराउनुभएको थियो ।



अभिमुखिकरण कार्यक्रमको माध्यमबाट महालेखापरीक्षकको कार्यालयले यस प्रणालीसम्बन्धी यथेष्ट जानकारी मातहत निकाय र कार्यालयमा सम्प्रेषण हुने अपेक्षा गरिएको बताउँदै माननीय महालेखापरीक्षकज्यूबाट जारी भएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७८ मा गरिएका मुख्य व्यवस्थाबारे समेत जानकारी गराउनु भएको थियो । सो क्रममा उहाँले एक कार्यालयलाई ३ क्रेडिन्सियल उपलब्ध गराईने र गुगल फर्ममा कार्यालयको विवरण अद्यावधिक गरी प्रेषण गरेपश्चात प्रणालीमा आवद्ध हुनका लागि ईमेल प्राप्त हुने र सो को आधारमा प्रणालीमा आवद्ध हुने व्यवस्था मिलाईएकोले प्रणालीमा आबद्ध नहुनेको लेखापरीक्षण स्वत बक्यौता रहने जानकारी समेत सबैमा सम्प्रेषण गरिदिनका लागि आग्रह गर्नुभएको थियो ।

अभिमुखिकरण कार्यक्रममा सम्बोधन गर्दै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले यस प्रकारको कार्यक्रममा सहभागी हुँदा कोष तथा लेखा नियन्त्रक कार्यालयहरुसँगको बृहत गोष्ठिमा सहभागि भएको जस्तो अनुभव भैरहेको उल्लेख गर्दै जोखिमका आधारमा वर्गीकरण गरिएका लेखापरीक्षण ईकाईको सूचना प्रविधिको आधारमा नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमार्फत नै लेखापरीक्षण गरिने जनाउँदै करिव १ हजार ८ सय कार्यालयको मात्र लेखापरीक्षण उच्च जोखिमयुक्त लेखापरीक्षण ईकाईको रुपमा स्थलगत लेखापरीक्षणका लागि खटिएका लेखापरीक्षकबाट विस्तृत लेखापरीक्षण हुने जानकारी दिनुभएको थियो ।

सम्बोधनका क्रममा महालेखापरीक्षकज्यूले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन र नियमावलीमा भएका व्यवस्था बमोजिमका कार्यलाई नै प्रविधिका माध्यमबाट कार्यान्वयन गरिएकोले सबै लेखापरीक्षण ईकाईका जिम्मेवार पदाधिकारीलाई नतिजा प्राप्त हुने गरी प्रणालीमा आबद्ध हुन निर्देशन दिनुभएको थियो । समयमै आन्तरिक लेखापरीक्षण प्रतिवेदन, जिन्सी निरिक्षण प्रतिवेदन तथा आर्थिक विवरणहरु तयार गरी पेश गर्ने तथा सम्पत्ति व्यवस्थापन सम्बन्धी विवरण र प्रतिवेदनलाई अझै अद्यावधिक गरी पेश हुने विश्वास व्यक्त गर्दै उहाँले कार्यक्षेत्रमा खटिएका कर्मचारीले जिम्मेवारीपूर्वक कार्य सम्पादन गर्दा लेखापरीक्षण कार्य सहज भई यसबाट आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता प्रवर्द्धन हुने उल्लेख गर्दै लेखापरीक्षणका विविध तरिका र शैलीका माध्यमबाट प्रतिवेदन गरिने हुँदा सजग र स्वनियन्त्रित भई कार्यसम्पादन गर्न निर्देशन दिनुभएको थियो ।

देशभरका ८१ कोलेनिका र ७ प्रदेश नियन्त्रक कार्यालय र १३ प्रदेश लेखा ईकाईका प्रतिनिधि सहित १ सय ५० भन्दा बढीको सहभागितामा अभिमुखिकरण सञ्चालन भएको कार्यक्रममा मंसिरको तेश्रो हप्तादेखी लेखापरीक्षण टोली परिचालन हुने जानकारी सहित उहाँले प्रत्यक्ष संलग्नता र भेटघाटका कारण कतिपय अवस्थामा लेखापरीक्षक र लेखापरीक्षण गराउने निकायका पदाधिकारीसँग सम्बन्धित क्रियाकलाप समाचार बन्न पुगेको यथार्थका बीच प्रविधिमा आधारित यसप्रकारको फेसलेस लेखापरीक्षणबाट त्यसप्रकारको चुनौती र जोखिम न्यूनीकरण हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

अभिमुखिकरण कार्यक्रममा समापन मन्तव्य व्यक्त गर्दै सह-महालेखानियन्त्रक श्री थानप्रसाद पंज्ञानीले आगामी दिनमा सम्पूर्ण लेखापरीक्षण नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीबाट लेखापरीक्षण सम्पादन हुने सन्दर्भमा आन्तरिक लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्नुपर्ने आवश्यकता बोध भएको व्यहोरा उल्लेख गर्नुभएको थियो ।



महालेखा नियन्त्रकबाट एकीकृत वित्तीय विवरण पेश



माननीय महालेखापरीक्षकज्यू समक्ष एकीकृत केन्द्रिय वित्तीय विवरण पेश गर्नहुँदै महालेखानियन्त्रक श्री सुमनराज अर्याल

३० कार्त्तिक, २०७८

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूसमक्ष महालेखा नियन्त्रक श्री सुमनराज अर्यालले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९ बमोजिम आर्थिक वर्ष २०७७/७८ को केन्द्रीय लेखाको एकिकृत केन्द्रिय वित्तीय विवरण पेश गर्नुभयो ।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ ले व्यवस्था गरे अनुसार प्रत्येक निकायले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा सो नगरेको, समान प्रकृतिको कामको लागि एउटै केन्द्रीय निकाय अन्तर्गत समेत फरक-फरक नर्म्स तथा मापदण्ड हुँदा मितव्ययिता कायम नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली प्रयोगमा ल्याएतापनि सोको पूर्णरुपमा कार्यालयहरुले प्रयोग नगरेको, आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्यौंट तथा सम्परीक्षण हुनुपर्नेमा नभएकोले महालेखानियन्त्रक कार्यालयले यसको कडाइका साथ लागू गर्नुपर्ने बताउनुभयो । साथै उहाँले जनशक्तिको क्षमता विकास, विद्युतीय प्रणालीको निरन्तर सुधार र कानूनको परिपालना तथा अनुगमन निरीक्षण प्रणालीमा कार्यालयले अझ बढी ध्यान दिन आवश्यक रहेको उल्लेख गर्नुभयो । महालेखापरीक्षकको कार्यालयले यस वर्षदेखि विद्युतीय माध्यमबाट लेखापरीक्षण गर्नका लागि कार्यान्वयनमा ल्याएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (Nepal Audit Management System) लाई महालेखानियन्त्रक कार्यालयले प्रयोगमा ल्याएका सफ्टवेयरसँग तादाम्यता कायम गरी लेखापरीक्षण कार्यलाई छरितो र विश्वसनीय बनाउन आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा महालेखा नियन्त्रक श्री अर्यालले २०७७।७८ को संघीय सञ्चित कोषको अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन, राजस्व, धरौटी तथा अन्य कोषहरु सहितको अन्य लेखाको एकीकृत केन्द्रिय वित्तीय विवरण पेश गरेको र यसका लागि माननीय महालेखापरीक्षकज्यूबाट प्राप्त मार्गनिर्देशनको लागि धन्यवाद व्यक्त गर्नुभयो ।

वर्ष ४, अंक १८, २०७८ मंसिर (Year 4, Issue 18, Nov/Dec, 2021

नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७८ स्वीकृत

३० कार्तिक, २०७८

सार्वजनिक निकायको अन्तिम लेखापरीक्षणलाई सूचना प्रविधिको माध्यमबाट सम्पादन गर्न लेखापरीक्षण ऐन, २०७५ को दफा २९ ले दिएको अधिकार प्रयोग गरी लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू गर्न जारी प्रणालीलाई व्यवस्थित गर्न जारी नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूबाट २०७८ कार्तिक ३० गते स्वीकृत भएको छ । विद्युतीय माध्यमबाट लेखापरीक्षण कार्य गर्न नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली(न्याम्स) कार्यान्वयनमा ल्याएको छ । उक्त सफ्टवेयरका माध्यमबाट लेखापरीक्षण कार्य डिजिटल प्रविधिद्वारा गर्न सकिनेछ । लेखापरीक्षण योजना, प्रतिवेदन, सम्परीक्षण लगायतका सबै कार्यमा प्रणालीले सहयोग गर्नेछ । सबै तहको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण प्रतिवेदन तयारी लगायतका विशेषता भएको उक्त सफ्टवेयरलाई CGAS, TSA, LMBIS, RMIS लगायतका अन्य एप्लिकेसनसँग आबद्ध समेत गर्न सकिनेछ ।

नेपाल राष्ट्र बैंकको लेखापरीक्षण प्रतिवेदन मस्यौदा छलफल



माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यू र नेपाल राष्ट्र बैकका गर्भनर श्री महाप्रसाद अधिकारी लगायतका सहभागी

२५ कार्तिक, २०७८

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको उपस्थितिमा नेपाल राष्ट्र बैकका गर्भनर श्री महाप्रसाद अधिकारी सहित सञ्चालक समितिका सदस्य एवं बैकका उच्च पदाधिकारी र आर्थिक बर्ष २०७७।७८ को बैकको लेखापरीक्षणमा खटिएका लेखापरीक्षकबीच लेखापरीक्षण बर्हिगमन बैठक महालेखापरीक्षकको कार्यालय, बबरमहलमा सम्पन्न भयो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले विगतमा भन्दा केही फरक विषयवस्तु प्रतिवेदनले समावेश गरेको, विगतमा उजागर गरिएका विषयहरुको पुनरावृत्ति हुन नहुने, वित्तीय कार्यका अलावा गैर वित्तीय तथा नियमनकारी कार्य बढी प्रभावकारी हुनुपर्ने र प्रतिवेदनले औंल्याएका विषयवस्तुलाई समयमा नै सम्बोधन गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैकका गर्भनर श्री महाप्रसाद अधिकारीले अन्तिम लेखापरीक्षणले उठाएका वित्तीय तथा गैर वित्तीय विषयहरु, सफ्टवेयर अडिट र बैक तथा वित्तीय संस्थाको सुपरभिजन लगायतको सम्बन्धमा सुधार गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्नुहुँदै नेपालको अनौपचारिक अर्थतन्त्रको सम्बन्धमा अध्ययन गर्न नेपाल राष्ट्र बैक र त्रिभुवन विश्वविद्यालय, अर्थशास्त्र केन्द्रिय विभागसँग सम्झौता भएको जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाल राष्ट बैकका सञ्चालक समितिका तर्फबाट बोर्ड सदस्य श्री रामजी रेग्मीले आन्तरिक लेखापरीक्षण राम्रो भएमा मात्रै बाह्य लेखापरीक्षण स्वत राम्रो हुने धारणा व्यक्त गर्नुहुँदै लेखापरीक्षणबाट प्राप्त सुझावलाई कार्यान्वयन गरिने उल्लेख गर्नुभएको थियो । बैठकमा यस वर्ष नेपाल राष्ट्र बैकको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर छलफल भएको थियो ।

प्रथम चरणको स्थलगत लेखापरीक्षण सम्बन्धी प्रस्तुतीकरण



कार्यक्रममा माननीय महालेखापरीक्षकज्यू एवं कार्यालयका कर्मचारीहरु

१४ कार्तिक, २०७८

महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७८ बमोजिम प्रथम चरण अन्तर्गत विभिन्न ३३ जिल्लास्थित संघीय र प्रदेश कार्यालय तथा स्थानीय तहको स्थलगत लेखापरीक्षण सम्पन्न गरेका टोलीको प्रस्तुतीकरण कार्यक्रम मानीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको समुपस्थितिमा २०७८ कार्तिक १४ देखि १५ सम्म कार्यालयको सभाकक्षमा सम्पन्न भएको छ ।

कार्यक्रममा लेखापरीक्षण टोली प्रमुखले लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा, लेखापरीक्षणका क्रममा आइपरेका समस्या र सुझावका सम्बन्धमा पावरपोइन्ट प्रस्तुतीकरण गरेका थिए । कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षणलाई उद्देश्यमूलक र विश्वसनीय बनाउँदै समयमै गुणस्तरीय लेखापरीक्षण प्रतिवेदन जारी गर्न कर्मचारीको ध्यानाकर्षण गराउनुभएको थियो ।

प्रस्तुतीकरण कार्यक्रममा सम्बन्धित उपहालेखापरीक्षक, नायब महालेखापरीक्षक, निर्देशक, लेखापरीक्षण अधिकारी लगायतका कर्मचारीको सहभागिता रहेको थियो ।

नायब महालेखापरीक्षकद्वय उपमहालेखापरीक्षकमा बढुवा



माननीय महालेखापरीक्षकज्यूसँग उप-महालेखापरीक्षकज्यूहरु

११ कार्तिक, २०७८

नेपाल सरकार मन्त्रीपरिषद्को २०७८ कार्तिक ११ को निर्णयानुसार महालेखापरीक्षकको कार्यालयमा कार्यरत नायब महालेखापरीक्षकद्वय श्री महेश्वर काफ्ले र श्री वामदेव शर्मा अधिकारी निजामती सेवा ऐन, २०४९ को दफा १९(२) बमोजिम नेपाल लेखापरीक्षण सेवाको राजपत्रांकित विशिष्ट श्रेणीको उपमहालेखापरीक्षक पदमा बढुवा भई यस कार्यालयमा पदस्थापन हुनु भएको छ ।

उपमहालेखापरीक्षक काफ्लेले त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापन र जनप्रशासन विषयमा स्नातकोत्तर तथा कानूनमा स्नातक तहसम्मको अध्ययन गर्नुभएको छ । लेखापरीक्षणका क्षेत्रमा

उहाँको २७ वर्षको अनुभव सहित स्थानीय तहको लेखापरीक्षण मार्गदर्शन, लेखापरीक्षणमा नागरिक समाजको सहभागिता, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, क्षेत्रगत लेखापरीक्षण मार्गदर्शन र निर्देशिका तयारीमा संलग्न रहेको अनुभव समेत रहेको छ। उहाँले पाकिस्तानमा आयोजित कार्यमूलक लेखापरीक्षण तालिम, भारतमा आयोजित सार्वजनिक संस्थानको लेखापरीक्षण तालिम लगायतका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिममा सहभागी भई प्रशिक्षण प्राप्त गर्नुभएको छ ।

उपमहालेखापरीक्षक अधिकारीले त्रिभुवन विश्वविद्यालयबाट वाणिज्य प्रशासन विषयमा स्नातकोत्तर तहसम्मको अध्ययन गर्नुभएको छ। लेखापरीक्षणका क्षेत्रमा उहाँको २५ वर्ष अनुभवसहित प्रशासकीय खर्च, आयोजना लेखा, सार्वजनिक खरिद, राजस्व लेखा लगायतका लेखापरीक्षण मार्गदर्शन र निर्देशिका तयारीमा संलग्न रहनुभएको अनुभव समेत छ। उहाँले भारतमा आयोजित सूचना प्रविधि सम्बन्धी तालिम, एसोसाईद्धारा संचालित सूचना प्रविधि सम्बन्धी तालिम लगायतका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिममा सहभागी भई प्रशिक्षण प्राप्त गर्नुभएको छ ।

नवनियुक्त उपमहालेखापरीक्षकद्वय काफ्ले र अधिकारीलाई माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले हार्दिक बधाई ज्ञापन गर्दै उहाँहरुको सफल कार्यकालको शुभकामना दिनुभएको थियो ।

नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली सम्बन्धी प्रशिक्षण कार्यक्रम



माननीय महालेखापरीक्षकज्यू प्रशिक्षण कार्यक्रममा सहभागी कर्मचारीहरुलाई निर्देशन दिनुहुँदै

४ कार्तिक, २०७८

महालेखापरीक्षकको कार्यालयले प्रयोगमा ल्याएको नेपाल अडिट म्यानेजमेन्ट सिस्टम (NAMS) सफ्टवेयर को प्रयोगका सम्बन्धमा कार्यालयका कर्मचारीलाई प्रशिक्षित गरिएको छ । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले आगामी दिनको लेखापरीक्षण सूचना प्रविधिमा आधारित हुने बताउनुहुँदै सो को लागि आवश्यक दक्षता हासिल गर्न निर्देशन दिनुभएको थियो। माननीय महालेखापरीक्षकज्यूले पूर्ण आत्मविश्वासका साथ लेखापरीक्षणमा नयाँ प्रविधिको प्रयोग गर्न लेखापरीक्षक तयार रहनुपर्ने बताउनुभयो ।

कार्यालयले २०७६ कार्तिक ४ गतेदेखि २८ सम्म कर्मचारीलाई सफ्टवेयर प्रयोग विधि सम्बन्धी प्रयोगात्मक प्रशिक्षण दिएको हो। विभिन्न ५ समूहमा सञ्चालित सो कार्यक्रममा कार्यालयका सबै कर्मचारीले सहभागिता जनाउनुभएको थियो । महालेखापरीक्षकको कार्यालय सुदृढीकरण आयोजनाको परामर्शदाता इण्ड वाई एलएलपीसँगको सहकार्यमा सम्पन्न तालिममा बरिष्ठ चार्टड एकाउन्टेन्टसद्वय श्री भवनाथ दाहाल र श्री जगदिश भट्टराईले सफ्टवेयरको प्रयोगका सम्बन्धमा प्रशिक्षण दिनुभएको थियो ।

त्यसैगरी, नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली कार्यान्वयनको क्रममा महालेखापरीक्षकको कार्यालयले परामर्शदाता इ एण्ड वाई एलएलपीसँगको सहकार्यमा मिति २०७८ भाद्र २३ मा आयोजना गरेको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) पाइलट लेखापरीक्षण सम्बन्धी १० दिने तालिम सम्पन्न भएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले फेसलेस र पेपरलेस अडिट वर्तमानको आवश्यकता रहेको बताउनुहुँदै यसका लागि कर्मचारीले आफूलाई अभ्यस्त बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । उपमहालेखापरीक्षक श्री रामु प्रसाद डोटेलले तालिम सञ्चालनका लागि सहयोग गरेकोमा परामर्शदाता र सक्रिय सहभागिता जनाएकोमा कर्मचारीलाई धन्यवाद ज्ञापन गर्नुभयो । समारोहको सञ्चालन नायब महालेखापरीक्षक श्री घनश्याम पराजुलीले गर्नुभएको थियो ।

कार्यालयका ८० कर्मचारीको सहभागिता रहेको तालिममा वरिष्ठ चार्टड एकाउण्टेन्ट कर्मचारीलाई लेखापरीक्षण सफ्टवेयर NAMS का माध्यमबाट लेखापरीक्षण गर्ने विषयमा सैद्धान्तिक र प्रयोगात्मक प्रशिक्षण दिइएको थियो ।

उपमहालेखापरीक्षकद्वय गौतम र नेपालको विदाई



माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा,दंगालज्यूसँग सेवानिवृत्त उप-महालेखापरीक्षकद्वय

४ कार्तिक, २०७८

महालेखापरीक्षकको कार्यालयका सेवानिवृत्त उपमहालेखापरीक्षकद्वय श्री बाबुराम गौतम र श्री इश्वर नेपालको एक समारोहबीच विदाई गरिएको छ । विदाइ समारोहलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले उपमहालेखापरीक्षकद्वय गौतम र नेपालले कार्यालयमा कार्यरत रहँदा पुऱ्याउनुभएको योगदानको कदर गर्नुभएको थियो । अवकासप्राप्त कर्मचारीको अनुभव,ज्ञान, दक्षता र सीप कार्यालयमा कार्यरत कर्मचारीका लागि अनुकरणीय हुने उल्लेख गर्नुहुँदै उहाँले विदाई हुनु भएका उपमहालेखापरीक्षज्यूहरुको सुखद् र सक्रिय सेवानिवृत्त जीवनको कामना गर्नुभएको थियो । सो अवसरमा माननीय महालेखापरीक्षकज्यूले सेवानिवृत्त उपमहालेखापरीक्षकज्यूहरुलाई कदर पत्र, मायाको चिनो र दोसल्ला ओडाई सम्मान गर्नुभएको थियो ।

२०७३।७।५ मा उपमहालेखापरीक्षक पदमा बढुवा हुनुभएका उहाँहरु ५ बर्षे सेवाहदका कारण सेवा निवृत्त हुनुभएको हो । कार्यक्रममा उपहालेखापरीक्षक श्री रामुप्रसाद डोटेल र श्री राममाया कुँवरले उहाँहरुसँग सहकार्य गर्दाको सुखद् अनुभूति स्मरण गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन नायब महालेखापरीक्षक श्री महेश्वर काफ्लेले गर्नुभएको थियो ।



कार्यक्रम पश्चात् माननीय महालेखापरीक्षकज्यूसँग लिइएको सामूहिक तस्वीर

वर्ष ४, अंक १८, २०७८ मंसिर (Year 4, Issue 18, Nov/Dec, 2021

सार्वजनिक वित्त व्यवस्थापनसम्बन्धी राष्ट्रिय रणनीति मस्यौदा उपर छलफल



कार्यक्रममा सहभागिता जनाउँदै उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेलज्यू लगायतका पदाधिकारीहरु

२४ असोज, २०७८

सार्वजनिक वित्तीय उत्तरदायित्वको सचिवालय (पेफा) र फ्रिडम फोरमले संयुक्त रूपमा तयार गरेको सार्वजनिक वित्त व्यवस्थापनसम्बन्धी राष्ट्रिय रणनीति तथा योजनाको मस्यौदामाथिको छलफलमा महालेखापरीक्षकको कार्यालयले सहभागिता जनाएको छ । कार्यक्रममा उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले नेपालमा सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक संलग्नतामा माग पक्ष (नागरिक) र आपूर्ति पक्ष (सरकार) दुवैतर्फ समस्या रहेको बताउनुभयो । उहाँले मस्यौदा रणनीतिमा मागपक्षको क्रियाकलाप अझै थप्नुपर्ने सुझाव दिनुभयो । लेखापरीक्षणमा नागरिक सहभागिता गराउन महालेखापरीक्षकको कार्यालय लागि परेको भए पनि सोचेजति सहभागिता गराउन नसकेको उहाँले बताउनुभयो । यसका लागि नागरिकको क्षमता, रुचिमा हुने द्वन्द्व, स्वतन्त्रता पनि समस्या रहेको भन्दै सरकारी निकाय चाहिँ हिच्किचाउने उल्लेख गर्नुभयो ।

महालेखा नियन्त्रक सुमनराज अर्यालले आन्तरिक लेखापरीक्षण (आलेप)मा सहभागी हुने कर्मचारी बजेट विनियोजनमा सहभागी हुन नपाउने गरी अलग्गै व्यवस्था गर्न लागेको धारणा व्यक्त गर्नुभयो । एउटै कर्मचारी आन्तरिक लेखापरीक्षण र बजेट विनियोजनमा सहभागी हुँदा स्वार्थको टकराव (Conflict of Interest) हुने गरेकोमा प्रश्न उठिरहेको बताउँदै महालेखा नियन्त्रकको कार्यालयले बजेट विनियोजन र आन्तरिक लेखापरीक्षणमा एउटै कर्मचारी सहभागी हुन नपाउने नियम बनाएको अर्यालले जानकारी दिनुभयो । सार्वजनिक लेखा समितिका सचिव डा. रोजनाथ पाण्डेसहितले आन्तरिक लेखा परीक्षणपछि महालेखापरीक्षकको कार्यालयले गर्ने अन्तिम लेखापरीक्षणमा ठूलो रकमको रुपमा बेरुजु देखिने अवस्था आउनु सकारात्मक नभएकाले सुधार हुनुपर्ने बताउनुभयो ।

संघ, प्रदेश र स्थानीय तहको बजेट निर्माण तथा कार्यान्वयनको चरणमा नागरिकको सहभागिता अभिवृद्धि गर्नका लागि तयार गरिएको सार्वजनिक वित्त व्यवस्थापनसम्बन्धी राष्ट्रिय रणनीति तथा योजनाको मस्यौदामाथि सरोकारवाला निकायबीच छलफल भएको थियो । रणनीतिमा संघ, प्रदेश र स्थानीय तहका लागि अलगअलग रणनीतिक उद्देश्य र त्यसलाई प्राप्त गर्ने चरणहरूको उल्लेख गरिएको छ। रणनीतिमा कार्ययोजनासमेत तयार गरिएको छ जसमा क्रियाकलाप, प्रगति सूचक, स्रोत, समय, जिम्मेवार निकाय र सहयोगी निकायसमेत उल्लेख छ ।

मस्यौदा प्रस्तुत गर्दै फ्रिडम फोरमका कार्यकारी निर्देशक तारानाथ दाहालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासको विश्लेषण गरेर बजेट प्रकृयामा नागरिकको संलग्नताका लागि आवश्यक रणनीति, कार्ययोजना र मूल्यांकनका लागि योजना बनाइएको बताउँदै यसमा सुधार गर्न सकिने बताउनु भयो । उहाँले सार्वजनिक वित्त व्यवस्थापनमा नागरिकको अधिकतम सहभागिता वृद्धि गर्नुपर्ने बताउनुभयो ।

छलफलमा संघ, प्रदेश र स्थानीय तह आबद्ध विभिन्न प्रतिनिधि, नागरिक समाजका संघसंस्था र सञ्चारकर्मीहरूले रणनीतिमाथि सुझाव दिएका थिए । उहाँहरूले खुल्ला बजेटको अवधारणा अघि बढाउनुपर्ने, सूचना प्रवाहका लागि छुट्टै संरचनाको विकास गर्नुपर्ने, तल्लो तहसम्म नागरिक सहभागिताका लागि स्पष्ट मार्गनिर्देशन बनाउनुपर्ने, क्षेत्रगत रूपमा नागरिक सहभागितामा विविधतालाई ध्यान दिनुपर्नेलगायतका सुझाव दिनुभएको थियो ।

महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७८ स्वीकृत

२० भाद्र, २०७८

संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य कार्यालय वा संस्थाको आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षणको लागि माननीय महालेखापरीक्षकज्यूबाट स्वीकृत लेखापरीक्षण योजना, २०७८ मिति २०७८।५।२० देखि कार्यान्वयनमा आएको छ । उक्त योजना अनुसार २०७८ भाद्र अन्तिम हप्तादेखि लेखापरीक्षण शुरु गरी २०७८ माघ मसान्तसम्ममा सम्पन्न गरिनेछ । आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षण सञ्चालन एवं व्यवस्थापन सम्बन्धमा गरिएका केही प्रमुख व्यवस्था देहाय बमोजिम छन् :-

१. वित्तीय र परिपालना लेखापरीक्षण

नेपाल सरकारी लेखापरीक्षणमानले दिएको विकल्प बमोजिम यसबर्ष वित्तीय लेखापरीक्षण र परिपालनाको लेखापरीक्षण एकसाथ गरिनेछ । दुबै प्रकारको लेखापरीक्षणबाट देखिएका व्यहोरा समावेश गरी एउटै प्रतिवेदन दिइनेछ । संघीय मन्त्रालय तथा निकाय, प्रदेश मन्त्रालय तथा निकाय, स्थानीय तह, समिति र अन्य संस्था समेत जम्मा ५ हजार ५ सय ६२ इकाइको वित्तीय र परिपालना लेखापरीक्षण गरिनेछ ।

२. कार्यमूलक लेखापरीक्षण

कार्यमूलक लेखापरीक्षणमा स्रोत साधनको व्यवस्थापन तथा उपयोगमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता लगायतको पक्षको मूल्याङ्कन गर्ने सन्दर्भमा सबै वा कुनै दुई वा एक पक्षको मूल्याङ्कन गरी सोबाट प्राप्त नतिजाको आधारमा सुझावसहितको प्रतिवेदन तयार गरिन्छ । कार्यमूलक लेखापरीक्षण गर्न सरकारको लगानी, प्राथमिकता क्षेत्र, विषयको गाम्भीर्यता, बजेटको आकार, सार्वजनिक सरोकार वा जनचासोको विषय, सञ्चार माध्यममा आएका विषय, नेपाल सरकार र विकास साझेदारबीच भएका सम्झौता, विकास साझेदारले देखाएको चासोलाई महत्व दिई उपलब्ध स्रोत साधन समेतलाई दृष्टिगत गरी प्राथमिकताका आधारमा विषय छनौट गरिएको छ ।

(क) कार्यमूलक निर्देशनालयबाट लेखापरीक्षण गरिने विषयहरु

क्र.सं.	विषय	सम्बन्धित निकाय	सम्बन्धित मन्त्रालय
१	उपत्यकाको भौतिक विकास योजना तर्जुमा एवं कार्यन्वयन	काठमाण्डौं उपत्यका विकास प्राधिकरणको वित्तीय लेखापरीक्षण समेत, काठमाण्डौ उपत्यकाका स्थानीय तह	शहरी बिकास
२	विशेष आर्थिक क्षेत्र सञ्चालन एवं व्यवस्थापन	विशेष आर्थिक क्षेत्र आयोजनाको वित्तीय लेखापरीक्षण समेत	उद्योग बाणिज्य तथा आपुर्ति
३	आयोजना छनौट र बजेट वितरण प्रणालीको अध्ययन	संघीय र प्रदेश अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग	संघीय र प्रदेश अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग
४	युवा स्वरोजगार कार्यक्रम कार्यान्वयन स्थिति	युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालयको वित्तीय लेखापरीक्षण समेत	युवा तथा खेलकुद मन्त्रालय
५	कृषि ब्याज अनुदानको उपयोग	अर्थ मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, नेपाल राष्ट्र बैक बाणिज्य बैंकहरु	अर्थ मन्त्रालय, कृषि तथा पशुपंक्षी बिकास मन्त्रालय,

(ख) सम्बन्धित महानिर्देशनालयबाट लेखापरीक्षण गरिने विषयहरु - सम्बन्धित महानिर्देशनालयले कार्यमूलक लेखापरीक्षण गर्ने विषय देहाय बमोजिम रहेका छन:

क्र.सं.	महानिर्देशनालय निर्देशनालय	विषय
१	आन्तरिक राजस्व	प्रतिलब्धि दर निर्धारण एवं राजस्व संकलन
२	कृषि तथा पशुपंक्षी विकास	अनुदानको वितरण एवं उपयोग (प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना)
३	युवा, खेलकुद, महिला बालबालिका तथा जेष्ठ नागरिक	जेष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षाको अवस्था विश्लेषण
४	सार्वजनिक संस्थान	पूर्ण स्वामित्वको संस्थान सञ्चालनको दक्षता र प्रभावकारीता (छनौट गरिएका केही संस्थान)
५	सार्वजनिक संस्थान	नियमनकारी सार्वजनिक संस्थानको प्रभावकारीता (छनौट गरिएका केही संस्थान)
६	भौतिक पूर्वाधार तथा यातायात	निर्मित पुलहरुको मर्मत संभार तथा पुन निर्माण योजनाको विश्लेषण
७	उर्जा जलश्रोत पर्यटन	विद्युत उत्पादन अनुमति, संचालन र अनुगमन

क्र.सं.	महानिर्देशनालय निर्देशनालय	विषय
८	सञ्चार तथा सूचना प्रविधि	नेपाल दुरसञ्चार प्राधिकरणबाट पुर्वाधार निर्माणको कार्य सञ्चालनमा दक्षता
९	स्वास्थ्य	स्वास्थ्य उपकरण प्राप्ति र उपयोग (संघीय अस्पताल)
१०	शिक्षा	त्रिभुवन विश्वविद्यालयको पाठ्यक्रम परिमार्जन एवं कार्यान्वयन
११	रक्षा	पोशाक एवं बन्दोबस्तीका सामान व्यवस्थापन

(ग) वातावरणीय लेखापरीक्षण - वातावरणीय पक्ष वर्तमान विश्वको ज्वलन्त विषय हो । वातावरणमा परेको नकारात्मक असरले मानव, जीवजन्तु, वनस्पति लगायत समग्र पारिस्थिति प्रणालीमा नै असर परेको छ । वातावरणमा परेको र पर्न सक्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न तथा भविष्यमा त्यस्ता असर पर्न नदिनका लागि विभिन्न सरकारी कार्यालय तथा निकायहरुले प्रयास गरेका छन्। त्यस्ता भएका प्रयासहरुको पर्याप्तता, सो को प्रभावकारिताको अध्ययन विश्लेषण गरी भविष्यमा गर्नुपर्ने सुधारका पक्षहरुको सम्बन्धमा प्रतिवेदन गर्ने उद्देश्यले वातावरणीय लेखापरीक्षण गर्ने गरिएको छ । यस वर्ष कार्यमूलक लेखापरीक्षण निर्देशनालयबाट वातावरणीय लेखापरीक्षण गर्नका लागि देहायका विषय छनौट गरिएको छ:

क्र.सं.	जिम्मेवार निर्देशनालय	क्षेत्र
१	कार्यमूलक तथा बिशेष लेखापरीक्षण	जलवायु परिवर्तन

(घ) सूचना प्रविधि लेखापरीक्षण - सरकारी कार्यालयहरुमा प्रयोग गरेका सूचना प्रविधिहरुको वातावरणीय पक्ष र सोको नियन्त्रणको वातावरणको अध्ययन गरी प्रतिवेदन गर्ने उद्देश्यले साविक वर्षहरुमा जस्तै यस वर्ष पनि देहायका विषयहरु सूचना प्रविधि निर्देशनालयबाट सूचना प्रविधि लेखापरीक्षणको लागि छनौट गरिएको छ:

क्र.सं.	विषय	जिम्मेवार निर्देशालय	क्षेत्र
१	एकल खाता कोष प्रणाली (TSA)	कार्यमूलक तथा विशेष लेखापरीक्षण	अनुगमन
२	विद्युतीय सरकारी खरिद (e-GP)		अनुगमन
३	स्वचालित भन्सार जाँचपास प्रणाली (ASYCUDA)		अनुगमन

संगठित संस्थाको लेखापरीक्षण यस वर्ष नेपाल वायु सेवा निगमको लेखापरीक्षण कार्यालयको जनशक्तिबाट हुने र अन्य नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षण गर्न पेशागत प्रमाणपत्र प्राप्त लेखापरीक्षक नियुक्त गरी लेखापरीक्षण गरिने योजना रहेको छ ।

क्र.सं.	निकायको नाम	आर्थिक वर्ष	महानिर्देशनालय
१	नेपाल वायुसेवा निगम	२०७७।७८	सार्वजनिक संस्थान

कर्मचारीलाई अनवरत पेशागत शिक्षा तालिम



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू

भाद्र १३, २०७८

महालेखापरीक्षकको कार्यालयको आयोजनामा कार्यालयका कर्मचारीका लागि अनवरत पेशागत शिक्षा विषयक तीन दिने तालिम २०७८ भाद्र १३ गते सम्पन्न भएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले पेशागत तालिमका माध्यमबाट कर्मचारीको व्यावसायिक क्षमता अभिवृद्धि भई गुणस्तरीय लेखापरीक्षणमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

भविष्यमा लेखापरीक्षणका क्षेत्रमा Faceless /Paperless Audit जस्ता नवीन पद्धति अवलम्वन गर्ने कार्यालयको योजना रहेको जानकारी दिनुहुँदै माननीय महालेखापरीक्षकज्यूले त्यसका लागि आवश्यक ज्ञान र सीप कर्मचारीले हासिल गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । कोभिड- १९ महामारीको विषम परिस्थितिकाबीच समेत कार्यक्षेत्रमा अहोरात्र खटेकोमा कर्मचारीको सराहना गर्नुहुँदै उहाँले लेखापरीक्षणका क्रममा पेशागत मर्यादा र निष्ठाको पूर्ण परिपालना गर्न निर्देशन समेत दिनुभयो । विगतमा चैत्र मसान्तमा पेश गर्ने गरिएको वार्षिक प्रतिवेदन यस वर्ष तोकिएको समयमै

पेश गर्नका लागि कर्मचारीको निरन्तर क्रियाशीलता, तदारुकताका साथ क्रियाशील रहन उहाँले कर्मचारीलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले जोखिममा आधारित लेखापरीक्षणका विषयमा सहभागीलाई प्रशिक्षण दिनुभएको थियो । त्यसैगरी, उपहालेखापरीक्षक श्री राममाया कुँवरले सामाजिक क्षेत्रको लेखापरीक्षण नायब महालेखापरीक्षक श्री अशोक कुमार कार्कीले कार्यमूलक लेखापरीक्षण, नायब महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारीले निर्माण तथा आयोजनाको लेखापरीक्षण, नायब महालेखापरीक्षक श्री त्रिलोचन आचार्यले कर्मचारी आचारसंहिता, नायब महालेखापरीक्षक श्री वैकुण्ठ अधिकारीले आयकर र मूल्य अभिवृद्धि कर लेखापरीक्षण, नायब महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीले नियमितताको लेखापरीक्षण, नायब महालेखापरीक्षक श्री पदमराज पौडेलले शिक्षा क्षेत्रको लेखापरीक्षण, सम्बन्धमा सहभागीलाई प्रशिक्षण दिनुभएको थियो ।

तालिम कार्यक्रममा निर्देशक श्री राजेन्द्रराज ओझाले स्वास्थ्य क्षेत्र तथा महामारीको लेखापरीक्षण र निर्देशक श्री सत्यनारायण थापाले दिगो विकास लक्ष्यको लेखापरीक्षण विषयमा सहभागीलाई जानकारी दिनुभएको थियो । कार्यालयका २०७ कर्मचारीको सहभागिता रहेको तालिम भर्चुअल माध्यमबाट सञ्चालन भएको थियो भने कार्यक्रमको संयोजन नीति, योजना तथा जनशक्ति विकास निर्देशनालयले गरेको थियो । कार्यालयले कर्मचारीको क्षमता अभिबृद्धि गर्न हरेक वर्ष यस प्रकारको तालिम सञ्चालन गर्दै आएको छ ।

लेखापरीक्षण डोरमा खटिने कर्मचारीलाई निर्देशन



कर्मचारीहरुलाई निर्देशन दिनुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू

२३ भाद्र, २०७८

लेखापरीक्षण मानदण्ड, निर्देशिका, वार्षिक लेखापरीक्षण योजना, २०७८ मा उल्लेखित विषयका अतिरिक्त माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षणको पहिलो चरण अन्तर्गत विभिन्न ३३ जिल्ला र निर्देशनालयगत लेखापरीक्षण डोर सञ्चालन सम्बन्धमा लेखापरीक्षण कार्यमा खटिने कर्मचारीलाई निम्नानुसार निर्देशन दिनुभएको छ ।

(क) लेखापरीक्षण योजना तर्जुमा

१. स्वीकृत वार्षिक लेखापरीक्षण योजना अध्ययन गरी सोसँग तालमेल हुने गरी समष्टिगत र इकाइगत लेखापरीक्षण

योजना निर्माण गर्ने ।

२. प्रदेश र स्थानीय तह अन्तर्गत बन्ने लेखापरीक्षण योजनालाई वास्तविक, यथार्थपरक र जोखिम केन्द्रीत बनाउन तथा अन्तर प्रदेश र स्थानीय तहको योजना बीच एकरुपता कायम गर्ने ।

३. मध्यम र न्यून जोखिम भएका कार्यालयहरुको लेखापरीक्षण कार्यालयबाट नै सफ्टवेयरको माध्यमबाट गर्ने ।

(ख) कार्य बाँडफाँड र कार्यतालिका

४. प्रथम चरण अन्तर्गत लेखापरीक्षण गर्न तोकिएका एकल तथा संयुक्त ३३ जिल्ला अन्तर्गत टोली खटिएका जिल्लाको कार्य बाँडफाँड गरी लेखापरीक्षण डोरहरु यथाशिघ्र सम्बन्धित जिल्लामा परिचालित हुने ।

५. महानिर्देशनालयहरुले लेखापरीक्षण डोरको तोकिए बमोजिम कार्य बाँडफाँड गरी माघ मसान्तभित्र लेखापरीक्षण सम्पन्न गर्ने गरी कार्यतालिका बनाउने ।

(ग) लेखापरीक्षण डोर संचालन र व्यवस्थापन

६. लेखापरीक्षण टोलीले सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालय लगायत सम्बद्ध निकाय तथा पदाधिकारीसँग आवश्यक समन्वय र सम्पर्कमा रही लेखापरीक्षण कार्य संचालन गर्ने ।

७. लेखापरीक्षणका क्रममा सरोकारवालालाई सहभागी गराई ३३ जिल्लाको सन्दर्भमा लेखापरीक्षण प्रवेश बैठक गरी जिल्लास्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।

८. तोकिएको समयावधि भित्र लेखापरीक्षण कार्य सम्पन्न गर्न सम्बन्धित टोली प्रमुखले आफु अन्तर्गतका कर्मचारीको उप-टोली गठन गरी कामको बाँडफाँड गर्ने ।

९. स्थानीय तह वा अन्य निकायमा आन्तरिक लेखापरीक्षण नभएको स्थितिमा अन्तिम लेखापरीक्षण गर्न बाधा नहुने तथा आन्तरिक लेखापरीक्षण नभएको व्यहोरा प्रतिवेदनमा समावेश गरी लेखापरीक्षण कार्य सम्पन्न गर्ने ।

१०. लेखापरीक्षणका क्रममा गम्भीर प्रकृतिका हानी-नोक्सानी तथा सार्वजनिक स्रोतको अपचलन सम्बन्धी व्यहोरा जानकारी हुन आएमा सम्बन्धित नायव-महालेखापरीक्षक मार्फत् उप-महालेखापरीक्षक र महालेखापरीक्षकलाई तत्काल जानकारी गराउने ।

११. प्रदेश कार्यालयले संघीय बजेट र संघीय कार्यालयले प्रदेशको बजेट खर्च गरेकोमा जुन कोषबाट खर्च भएको हो सोही अनुसार लेखापरीक्षण फाईल र प्रतिवेदन तयार गर्ने । कार्यालय संघीय वा प्रदेश मध्ये जुन सरकार अन्तर्गत हो सोही निकायको लेखापरीक्षण गर्न अख्तियारी पाएको टोलीले उक्त कार्यालयको लेखापरीक्षण गर्ने ।

(घ) गुणस्तर नियन्त्रण तथा सुपरीवेक्षण

१२. लेखापरीक्षणलाई प्रभावकारी, विश्वसनीय र गुणस्तरीय बनाउन आवश्यकता अनुसार स्थलगत अवलोकन, भौतिक परीक्षण गर्ने ।

१३. एकै किसिमका निकायको लेखापरीक्षणमा एकरुपता कायम गर्न लेखापरीक्षण टोलीहरु बीच र सुपरीवेक्षक लगायत उच्च तहसँग समन्वय र सम्पर्कमा रही कार्य सम्पादन गर्ने ।

१४. लेखापरीक्षणका सन्दर्भमा प्राविधिक रुपले जटिल विषय आई परेमा सो सम्बन्धमा सम्बन्धित नायव-महालेखापरीक्षकसँग समन्वय गरी प्राप्त निर्देशनानुसार लेखापरीक्षण सम्पन्न गर्ने ।

१५. प्रतिवेदनको मस्यौदा उपर सम्बन्धित निकाय र जिम्मेवार पदाधिकारीसँग छलफल गरी मूख्य विषयका प्राप्त प्रतिक्रियाहरु प्रतिवेदनमा समावेश गर्ने ।

(ङ) पेशागत मर्यादा र व्यवहार

१६. लेखापरीक्षणमा खटिने कर्मचारीले पेशागत मर्यादा र कार्यालयबाट तोकिएको आचारसंहिताको पालनालाई विशेष ध्यान दिने ।

१७. लेखापरीक्षण गरिने निकायका पदाधिकारीसँग मर्यादित व्यवहार र औपचारिक सम्बन्ध कायम गरी तोकिए बमोजिम कार्य सम्पादन गर्ने ।

१८. लेखापरीक्षणका लागि खटिएका कर्मचारीको, कार्य सम्पादन, पेशागत मर्यादा र उचित व्यवहारको पालना सम्बन्धमा निरीक्षण तथा अनुगमन निर्देशनालयले कार्यतालिका बनाई सो अनुसार अनुगमनको व्यवस्था मिलाउने ।

१९. पेशागत मर्यादा र आचरण विपरीत कार्य गरेको पाइएमा तथा जिम्मेवारीपूर्वक कार्य सम्पादन नगरेका कारणले हुन सक्ने त्रुटि प्रति सम्बन्धित कर्मचारी जिम्मेवार र जवाफदेही हुने ।

(च) लेखापरीक्षण प्रतिवेदन

२०. प्रत्येक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहको वार्षिक लेखापरीक्षण प्रतिवेदन तयार गर्दा सम्बन्धित विभाग, महानिर्देशनालय र निर्देशनालयमा लेखिएका व्यहोरा उपर छलफल गरी सोको मन्त्रालयगत, प्रदेशगत र स्थानीय तहगत प्रतिवेदन तयार गरी सम्बन्धित नायव-महालेखापरीक्षक र उप-महालेखापरीक्षकले फाल्गुन मसान्त भित्र महालेखापरीक्षक समक्ष पेश गर्ने ।

२१. सात वटै प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन तयार गर्दा एकरुपता, विश्वसनीयता र त्यसको गुणस्तरका पक्षमा विशेष ध्यान दिने ।

(छ) विविध

२२. स्वीकृत वार्षिक लेखापरीक्षण योजना तथा महालेखापरीक्षकबाट जारी भएका निर्देशन कार्यान्वयन सम्बन्धमा उप-महालेखापरीक्षक, नायव-महालेखापरीक्षक र निरीक्षण तथा अनुगमन निर्देशनालयले अनुगमन गरी सोको प्रतिवेदन पेश गर्ने ।

एसोसाईको १५ औँ महासभा तथा ५६ औँ गभर्निङ्ग बोर्ड बैठकमा सहभागिता



कार्यक्रममा सहभागी एसोसाई सदस्य राष्ट्रका प्रतिनिधिहरु

६-८ सेप्टेम्बर, २०२१

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन (एसोसाई) को १५ औँ महासभा, ५६ औँ र ५७ औँ गभर्निंग बोर्ड बैठक र 8th ASOSAI Symposium मा सहभागिता जनाउनुभएको छ ।

सन् २०२१ सेप्टेम्बर ६ देखि ८ सम्म भर्चुअल माध्यमद्वारा सञ्चालित कार्यक्रमको संयोजन थाइल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्था स्टेट अडिट अफिस अफ द किंगडम अफ थाइल्याण्डले र सभाको नेतृत्व भियतानमको सर्वोच्च लेखापरीक्षण संस्थाले गरेको थियो । कार्यक्रममा संगठनका सदस्य सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुख, पदाधिकारी र गभर्निंग बोर्ड सदस्यको सहभागिता रहेको थियो ।

नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाका तर्फबाट माननीय महालेखापरीक्षकज्यू र कार्यालयका पदाधिकारीको सहभागिता रहेको थियो । कार्यक्रममा Report of a secretariat activities, Report on the implementation of the ASOSAI Strategic plan 2016-2021, Reports on the ASOSA working groups activities and and on cooperation with INTOSAI regional organization सम्बन्धी प्रतिवेदन प्रस्तुत गरिएको थियो । साथै सभाले सन् २०१८-२०२१ को वित्तीय प्रतिवेदन स्वीकृति र सन् २०२२-२०२४ को बजेटको अनुमोदन गरेको थियो । साथै, सहभागीहरुले एसोसाइको नयाँ रणनैतिक योजना सन् २०२२-२०२७ स्वीकृति गरेका थिए ।

सभाले सन् २०२१-२०२४ को लागि गर्भनिँग बोर्ड र लेखापरीक्षण कमिटीको निर्वाचन गरेको थियो । नयाँ गर्भनिँग बोर्डमा चाइना, भारत, जापान, कोरिया, मलेसिया, पाकिस्तान, फिलिपिन्स, रसिया, साउदी अरेविया, थाइल्याण्ड, टर्की र भियतनामका सर्वोच्च लेखापरीक्षण संस्थाका सदस्यहरु बोर्ड सदस्यमा निर्वाचित भएका थिए ।

वडा दशै, शुभ दिपावली, नेपाल संवत र छठ पर्वको अवसरमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले कार्यालयका कर्मचारीहरुलाई दिनु भएका शुभकामना सन्देश

टंकमणि शर्मा (दंगाल)
महालेखापरीक्षक

फोन नं. :४२६२९५८
फ्याक्स : ९७७-१-४२६८३०९
पोष्ट बक्स नम्बर : १३३२८
बबरमहल काठमाडौं, नेपाल

२०७८ सालको चाडपर्वहरुका अवसरमा शुभकामना सन्देश

नेपालीहरुको महान चाडपर्व बिजया दशमी, शुभ दिपावली, नेपाल सम्बत् तथा छठ पर्व, २०७८ को शुभ अवसरमा सबै कर्मचारी मित्रहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । अहिले पनि हामी कोभिड-१९ को महामारीको प्रकोपको बीचमा चाडपर्वहरु मनाउँदै छौं । यस अवस्थामा जनस्वास्थ्य सुरक्षाका न्यूनतम मापदण्ड अवलम्वन गरी सुरक्षित तवरले शुभकामना आदानप्रदानका साथै चाडपर्वहरु मनाउन आग्रह गर्दछु ।

कोभिड-१९ को महामारीबाट कार्यालयका केही कर्मचारी तथा कर्मचारीका परिवारका सदस्यहरुमा समेत संक्रमण भएको जानकारीमा आएको हुँदा वहाँहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यस विषम परिस्थितिमा हामी सबै एकजुट भई आवश्यक साबधानी अपनाउदै यस रोगको संक्रमणबाट मुक्त हुन सकौं भन्ने अपेक्षाका साथ सबैमा सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !!

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२५ आश्विन २०७८

२०७८ श्रावणदेखि मंसिरसम्म सञ्चालित राष्ट्रिय तालिम कार्यक्रममा सहभागिता

क्र.सं.	पद	कर्मचारीको नाम	कार्यक्रम	कार्यक्रमको किसिम	आयोजक	कैफियत
१	निर्देशक	श्री लेख प्रसाद लामिछाने	Advanced Course on Management and Development	Training	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	अनलाइन
२	ले. प अधिकारी	श्री गिता भट्टराई	Professional Course on Management and Development	Training	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	अनलाइन
३	ले प अधिकारी	श्री छेत्र बहादुर थापा				अनलाइन
५	ले प अधिकारी	श्री कृष्णसरण कार्की				अनलाइन
६	ले प अधिकारी	श्री निषभ शाक्य				अनलाइन
७	ले प अधिकारी	श्री प्रसादु थारु				अनलाइन
८	ले.प अधिकारी	श्री पिंकी कुमारी दास				अनलाइन
९		श्री छवीलाल मैनाली				अनलाइन
१०	निर्देशक	श्री नारायण प्रसाद पराजुली	सार्वजनिक वित्तीय सुधार रणनीतिको पुनरावलोकन गरी अध्यावधिक गर्ने सम्बन्धमा	Seminar	सार्वजनिक खर्च तथा वित्तिय उत्तरदायित्व सचिवालय	अनलाइन
११	निर्देशक	श्री लोकनाथ घिमिरे	सार्वजनिक वित्तीय सुधार रणनीतिको पुनरावलोकन गरी अध्यावधिक गर्ने सम्बन्धमा	Seminar	सार्वजनिक खर्च तथा वित्तिय उत्तरदायित्व सचिवालय	अनलाइन
१२	नायव महालेखापरीक्षक	श्री अशोक कुमार कार्की	सार्वजनिक वित्तीय सुधार रणनीतिको पुनरावलोकन गरी अध्यावधिक गर्ने सम्बन्धमा	Seminar	सार्वजनिक खर्च तथा वित्तिय उत्तरदायित्व सचिवालय	अनलाइन
१३	निर्देशक	श्री सत्यनारायण थापा				अनलाइन
१४	ले.प अधिकारी	श्री नृपराज जोशी				अनलाइन
१५	नायव महालेखापरीक्षक	श्री पदमराज पौडेल	Senior Executive Development Program (SEDP)	Training	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	
१६		श्री विवेकानन्द घिमिरे				बैकल्पिक
१७	लेखापरीक्षण अधीक्षक	श्री त्रिलोचन संग्रौला	सहायक स्तरीय सेवालीन तालिम	Training	श्री सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	अनलाइन
१८		श्री शम्भु कुमार सिंह				
१९		श्री रवि कुमार दास				
२०		श्री लक्ष्मण कुमार आचार्य				
२१		श्री जय बहादुर खत्री				
२२		श्री रंजेश अधिकारी				
२३	लेखापरीक्षण निरीक्षक	श्री बुद्ध प्रकाश खरेल				
२४		श्री चन्द्रकान्त भण्डारी				
२५	निर्देशक	श्री सत्य नारायण थापा				
२६	निर्देशक	श्री नेत्र प्रसाद पौडेल	NEPSAS	गोष्ठी	महालेखा नियन्त्रक कार्यालय	अनलाइन
२७	ले.प अधिकारी	श्री नृपराज जोशी				
२८	ले.प अधिकारी	श्री श्रीराम धिमाल	Professional Course on Management and Development	Training	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	अनलाइन

२०७८ श्रावणदेखि मंसिरसम्म सञ्चालित अन्तर्राष्ट्रिय तालिम कार्यक्रममा सहभागिता

क्र.सं.	पद	कर्मचारीको नाम	कार्यक्रम	कार्यक्रमको किसिम	आयोजक	कैफियत
१	निर्देशक	श्री दुर्गा बहादुर बस्नेत	Seminar on Financial Accounting & Management for Officials of Development Countries	Seminar	चिन सरकार	अनलाइन
२	ले प अधिकारी	श्री छत्र बहादुर थापा				अनलाइन
३	ले प अधिकारी	श्री कृष्णशरण कार्की				अनलाइन
५	ले प अधिकारी	श्री निषभ शाक्य				अनलाइन
६	ले प अधिकारी	श्री प्रसादु थारु				अनलाइन
७	नायव महालेखापरीक्षक	श्री अशोक कुमार कार्की	8th ASOSAI Seminar on Environmental Auditing	Seminar	ASOSAI WGEA Secretariat	अनलाइन
८	निर्देशक	श्री सत्यनारायण थापा	Second Pilot ASOSAI Capacity Development Program" Audit on Implementation of SDG's	Training	ASOSAI CDA	अनलाइन
९		श्री प्रेम बहादुर मुङमेन				अनलाइन
१०	ले.प अधिकारी	श्री पिंकी कुमारी दास				अनलाइन
११		श्री छवीलाल मैनाली				अनलाइन
१२	ले.प अधिकारी	श्री नृपराज जोशी				अनलाइन
१३	निर्देशक	श्री शंकर प्रसाद पन्थी	International Workshop on "Combating Desertification, Food Security and Sustainable Agriculture"	Workshop	iCED Jaipur, GTF of INTOSAI WGEA	अनलाइन
१४	निर्देशक	श्री श्याम प्रसाद भण्डारी	9th International Training Program on "International to Environmental Auditing"	Training	iCED Jaipur, GTF of INTOSAI WGEA	अनलाइन
१५	निर्देशक	श्री प्रकाश कुमार खत्री	INTOSAI WGEA International Webinar on "Renewable Energy and its Audit"	Seminar	iCED Jaipur, GTF of INTOSAI WGEA	अनलाइन
१६	लेखापरीक्षण अधिकारी	श्री शम्भु कुमार सिंह				
१७		श्री रवि कुमार दास				
१८		श्री लक्ष्मण कुमार आचार्य				
१९		श्री जय बहादुर खत्री				
२०	लेखापरीक्षण अधिक्षक	श्री रंजेश अधिकारी				
२१	लेखापरीक्षण निरीक्षक	श्री बुद्ध प्रकाश खरेल				
२२	नायव महालेखापरीक्षक	श्री घनश्याम पराजुली	15th ASOSAI Assembly, the 56th ASOSAI Governing Board Meeting & 8th ASOSAI Symposium	Seminar	State Audit Office of the Kingdom of Thailand	अनलाइन
२३		श्री चन्द्रकान्त भण्डारी				
२४	निर्देशक	श्री सत्य नारायण थापा				
२५	ले.प अधिकारी	श्री नृपराज जोशी				
२६	ले.प अधिकारी	श्री रविन ढकाल	The project for Human Resource Development Scholarship (JDS)	Master's Program	जापान सरकार	अनलाइन
२७	नायव महालेखापरीक्षक	श्री घनश्याम पराजुली	Working Group on Environmental Auditing	Seminar	ASOSAI	अनलाइन
२८	नायव महालेखापरीक्षक	श्री चन्द्रकान्त भण्डारी	Improvement of Audit Process For More Effective audit	Seminar	ASOSAI	अनलाइन

२९	नायव महालेखापरीक्षक	श्री पदमराज पौडेल	Improvement of Audit Process For More Effective Audit	Seminar	Board of Audit of Japan	अनलाइन
३०	निर्देशक	श्री श्याम प्रसाद भण्डारी	The Workshop on Sharing Experience in the Cooperation Audit	Workshop	State Audit Office of Vietnam	अनलाइन
३१	नायव महालेखापरीक्षक	श्री घनश्याम पराजुली	Getting Ready for a Peer Review	Seminar	INTOSAI (CBC)	अनलाइन

२०७८ श्रावणदेखि मंसिरसम्म बढुवा भएका कर्मचारी विवरण

क्र.सं.	साविकको पद	हालको पद	कर्मचारीको नाम	बढुवा मिति
१	नायव महालेखापरीक्षक	उप-महालेखापरीक्षक	श्री महेश्वर काफ्ले	२०७८/०७/११
२	नायव महालेखापरीक्षक	उप-महालेखापरीक्षक	श्री वामदेव शर्मा अधिकारी	२०७८/०७/११
३	कम्प्यूटर अपरेटर	लेखापरीक्षण अधिकारी	श्री सुवासचन्द्र खनाल	२०७८/०४/२४
४	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री राजु पाण्डे	२०७८/०४/२४
५	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री जयानन्द पाण्डेय	२०७८/०४/२४
६	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री ध्रुव शर्मा	२०७८/०४/२४
७	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री रुद्रनाथ घिमिरे	२०७८/०४/२४
८	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री बसन्ता पन्थी	२०७८/०४/२४
९	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री कृष्णबहादुर खत्री	२०७८/०४/२४
१०	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री जयबहादुर वि.क.	२०७८/०४/२४

२०७८ श्रावणदेखि मंसिरसम्म अवकाश भएका कर्मचारी विवरण

क्र.सं.	पद	कर्मचारीको नाम	अवकास मिति	कैफियत
१	निर्देशक	श्री रमेश ढकाल	२०७८/०४/०५	राजिनामा
२	निर्देशक	श्री पुरुषोत्तम महर्जन	२०७८/०४/०७	अनिवार्य अवकाश
३	निर्देशक	श्री घनश्याम बजगाई	२०७८/०४/२३	अनिवार्य अवकाश
४	लेखापरीक्षण अधिकारी	श्री रुद्रहरि पोखरेल	२०७८/०५/३१	अनिवार्य अवकाश
५	निर्देशक	श्री हेम बहादुर कार्की	२०७८/०६/१६	अनिवार्य अवकाश
६	निर्देशक	श्री कुमार थापा	२०७८/०६/२०	अनिवार्य अवकाश
७	निर्देशक	श्री मणिराम शर्मा	२०७८/०६/२४	अनिवार्य अवकाश
८	उप-महालेखापरीक्षक	श्री बाबुराम गौतम	२०७८/०७/०५	अनिवार्य अवकाश
९	उप-महालेखापरीक्षक	श्री ईश्वर नेपाल	२०७८/०७/०५	अनिवार्य अवकाश
१०	निर्देशक	श्री घनश्याम बजगाई	२०७८/०४/२३	अनिवार्य अवकाश
११	कार्यालय सहयोगी	श्री ज्ञानु बस्नेत	२०७८/०७/०८	राजिनामा

२०७८ श्रावणदेखि मंसिरसम्म रमाना भई गएका कर्मचारी विवरण

क्र.सं.	पद	कर्मचारीको नाम	रमाना भई गएको मिति
१.	निर्देशक (कानुन)	श्री उपेन्द्रकेशर खनाल	२०७८।०८।०९
२.	कम्प्यूटर अपरेटर	श्री सरिता कार्की	२०७८।०६।०१
३.	जुनियर इलेक्ट्रिसियन	श्री उमेश कुमार यादव	२०७८।०४।०१

२०७८ श्रावणदेखि मंसिरसम्म रमाना भई आएका कर्मचारी विवरण

क्र.सं.	पद	कर्मचारीको नाम	रमाना भई आएको मिति
१	उपसचिव (कानुन)	श्री राजेन्द्र कुमार लम्साल	२०७८/०८/०६
२	कानुन अधिकृत	श्री पुष्पा वाग्ले	२०७८/०६/१३
३	कम्प्यूटर अपरेटर	श्री राम बहादुर विष्ट	२०७८/०५/२७
४	कम्प्यूटर अपरेटर	श्री शान्ति कुमारी उपाध्याय	२०७८/०८/०१
५	स.कम्प्यूटर अपरेटर	श्री विशाल पंगेनी	२०७८/०४/०९

रिमोट अडिट



त्रिलोचन आचार्य
नायब महालेखापरीक्षक

१. समयले नेटो काट्यो चाँडै हिँड्नु पऱ्यो
हेर्दा हेर्दै बाग्मतीमा धेरै पानी झऱ्यो
हिँड्नेहरू गुड्ने हुँदै उड्ने बेला झन
अडिटमा किन हुन्न परिवर्तन ?

२. कति हिँड्ने झोला बोकी पालिका र जिल्ला ?
फित्ता, फाईल, पोकाबाट कैले मुक्ति मिल्ला ?
अडिटीलाई कति भन्ने राजधानी धाऊ
खोज्नै पर्छ अडिटमा सुधारको ठाउँ ।

३. दराजका लस्कर राखी कता पस्ने हामी ?
टक्टक्याई धुलो, झोला कति बस्ने हामी ?
अडिटीका चोटा कोठा कति कुद्ने हामी ?
कम्प्युटर, कि बोर्ड, माउस कैले बुझ्ने हामी ?

४. तथ्याङ्कहरू अनलाइनमा ल्याउन सक्छौं कि ?
कागज प्रमाण ल्यापटपमा पाउन सक्छौं कि ?
यसो गरी हुने काम यतै गरौंला,
हेर्नै जाँच्नै पर्ने देखे, उतै झरौंला ।

५. सपनाहरू नयाँ नौलो देख्दै नदेखे
प्रविधिका पाइलाले टेक्दै नटेके
भन्न सक्थे मङ्गलमा वस्ती बसाऊँ ?
असम्भव भन्ने शब्द डाँडा कटाऊँ ।

६. कलममा सिसिटिभी जोड्दै लेखौंला,
प्रविधिका पँखेटामा दरो टेकौंला,
श्रोत, साधन, समयको वचत गरौंला,
सम्भव हुने काम यतै बसी सकौंला ।

Core Values of SAI Nepal

- Integrity
- Independence
- Professionalism
- Transparency
- Accountability

महालेखापरीक्षकको कार्यालय
बबरमहल काठमाडौं

नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) मा आबद्ध हुने सम्बन्धमा सार्वजनिक सूचना

लेखापरीक्षण ऐन, २०७५ को दफा १७ मा महालेखापरीक्षकले विद्युतीय माध्यमबाट अभिलेख राख्नसक्ने व्यवस्था अनुसार महालेखापरीक्षकको कार्यालयले गर्ने लेखापरीक्षणलाई सूचना प्रविधिमैत्री बनाउन मिति २०७८।०८।०१ देखि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लेखापरीक्षण गराउने कार्यालयहरु समेत आबद्ध हुनुपर्ने अवस्था छ ।सो प्रयोजनका लागि एक Google form तयार गरी महालेखा नियन्त्रक कार्यालयमार्फत सबै कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय एवं सोका इकाइहरुमा उपलब्ध गराइएको छ। सो सूचना अनुसार नेपाल सरकार, प्रदेश सरकार र मातहतका कार्यालयहरु तथा सबै स्थानीय तहहरुलाई लग इन गरी आबद्ध हुन र आर्थिक वर्ष २०७७।७८ को आर्थिक विवरण एवं आन्तरिक लेखापरीक्षण प्रतिवेदन अपलोड गर्नुहुन सूचित गरिन्छ।

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
१९९४ असार

स्वर्गारोहण:
वि.सं.
२०७८ मंसिर १३

स्व. पूर्णदिवी पौडेल

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री घनश्याम पौडेलज्यूका पूजनीय माता पूर्णदेवी पौडेलको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं। यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गदैछौ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२०१८ भाद्र १८


स्वर्गारोहण:
वि.सं.
२०७८ मंसिर ४

स्व. हुमान सिंह महतरा क्षेत्री

यस कार्यालयका नायब महालेखापरीक्षक श्री नारायण एमसीज्यूका पूजनीय पिता हुमान सिंह महतरा क्षेत्रीको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं। यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गदैछौ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

वर्ष ४, अंक १८, २०७८ मंसिर (Year 4, Issue 18, Nov/Dec, 2021



महालेखापरीक्षकको कार्यालयको अनामनगरस्थित नव निर्मित अडिट भवनको रात्रिकालीन तस्वीर